जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक २, २०७४ साल वैशाख ८ गते शुक्रबार, नेपाल संवत् ११३७ (April 21, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## विप्लवले दुई प्रतिशत कर असुल्ने

काठमाडौं । एकीकृत जनक्रान्तिको माध्यमबाट पुरानो सत्ताका सम्पूर्ण अवशेष नामेट पार्दै वैज्ञानिक समाजवाद लागू गर्ने उद्देश्य बोकेको नेपाल कम्युनिस्ट पार्टी स्वायत्त जनपरिषद्मार्फत समानान्तर सत्ताको अभ्यास गरिरहेको छ । केन्द्रीय स्वायत्त जनपरिषद् मातहत मुलुकभर १४ वटा स्वायत्त प्रादेशिक जनपरिषद् गठन गरी त्यस मातहत जिल्ला र गाउँ जनपरिषद् गठनको अभियानलाई तीव्रता दिएको पार्टी निकट सूत्रले बताएको छ ।

प्राप्त जानकारीअनुसार नेकपाले जनपरिषद्अन्तर्गत बाँकी ८ पेजमा

## मोचा–प्रहरी झडप

रौतहट । मधेसी मोर्चा र प्रहरीबीच रौतहटको गौरमा आज दिउँसो झडप भएको छ । दुईतर्फीको झडपमा प्रहरीले पूर्वसभासदसहित तीन जनालाई पक्राउ गरेको छ ।

स्थिति नियन्त्रणमा लिन प्रहरीले तीन राउन्ड अश्रुग्यास प्रहार गरेको छ । मोर्चाको लाठी र सिट्ठीसहितको जुलुसले गौर बजार परिक्रमा गरेको थियो । सरकारविरुद्ध नाराबाजी गरिरहेका मोर्चाका कार्यकर्ताहरुले नगरपालिकाको कार्यालयमा ढुंगा बाँकी ८ पेजमा

# संविधान संशोधन र निर्वाचन दुवै धरापमा





काठमाडौं । आगामी वैशाख ३१ गते हुने भनिएको स्थानीय तह निर्वाचन संशयको घेराभित्र पर्दै गएको छ । मुख्य राजनीतिक दलहरु कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा र फोरम लोकतान्त्रिकले संयुक्त मधेसी मोर्चा निर्वाचनमा नआए पनि सोही मितिमा निर्वाचन गर्न सहमति जनाएका छन् । मधेसी मोर्चा संविधान संशोधनयबिना निर्वाचनमा सहभागी नहुने अडानमा छ । मोर्चाले निर्वाचन बहिष्कार मात्र होइन, बिथोल्ने गरी संघर्षका चरणबद्ध कार्यक्रमहरु सार्वजनिक गरिसकेको छ । संविधान संशोधन गरेर निर्वाचनमा जान अब समय छैन । संविधान संशोधन विधेयक संसदमा दर्ता मात्र गरिएको छ, त्यो टेबुल हुन बाँकी नै छ । त्यसमाथि दफावार छलफल हुन र पारित गर्ने विषय थाँती नै रहेका छन् । त्यसमा पनि प्रमुख प्रतिपक्षी दल एमालेको सहमति छैन । सत्तारुढ राप्रपासमेत संशोधनको विपक्षमा छ । एमालेको सहयोगबिना संविधान संशोधन विधेयक पारित गर्न दुईतिहाई मत पुग्दैन । मोर्चाले भनेजस्तो निर्वाचनअघि संविधान संशोधन अब सम्भव छैन । मोर्चासँगै संघीय गठबन्धन पनि आन्दोलित छ ।

अर्कोतर्फ चुनावचिन्हबाट वञ्चित गरिएका दलहरु पनि आन्दोलनकै मुडमा छन् । स्थानीय तह निर्वाचन ऐन ल्याएर नयाँ दल दर्ता हुन नसक्ने र संसदमा भएका दलमध्ये पनि तीन प्रतिशत थ्रेसहोल्ड कटाउने दलले मात्र दलीय मान्यता प्राप्त गर्ने प्रावधानले साना दलहरुलाई जबर्जस्ती सडकमा धकेलेको छ । यो ऐनका आधारमा संसदमा रहेका दलबाहेक अरुले स्वतन्त्र हैसियतमा चुनाव लड्नुपर्ने बाध्यात्मक व्यवस्था खडा गरिदिएको छ । निर्वाचन आयोगमा दल दर्ता भए पनि र चुनावचिन्ह दिए पनि उक्त दल र चिन्ह निर्वाचनमा प्रयोग गर्न नपाइने ऐनले भनेको छ । यसले संविधानले व्यवस्था गरेको दलमाथि प्रतिबन्ध लगाइने छैन भन्ने मान्यताको धज्जी उडाएको छ ।

निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक निर्वाचन सामग्री, जनशक्ति र नमुना मतपत्र समेतको व्यवस्था गरिसकेको जनाएको छ । तर गृहमन्त्री विमलेन्द्र निधिले सामाजिक सञ्जाल ट्विटरमा 'चुनावका लागि निर्वाचन आयोग र सरकारको सुरक्षा तयारी मात्रै पर्याप्त नभएको अभिव्यक्ति दिएर चुनाव हुन नसक्ने आशय प्रकट गरेका छन् । निधिको यस्तो खोटो नियतबारे कांग्रेस मौन बसेको छ ।

प्रधानमन्त्री प्रचण्ड तोकिएकै मितिमा निर्वाचन हुन्छ भनिरहेका छन् तर उनकै गृहमन्त्री निर्वाचनबारे भ्रामक अभिव्यक्ति दिइरहेका छन् । उनलाई कारबाही गर्ने हैसियत प्रधानमन्त्री राख्न सक्दैनन् किनकि उनी कांग्रेसको वैशाखी टेकेर कार्यकारी प्रमुख भएका हुन् । सरकारद्वारा घोषित कुनै पनि निर्वाचन शान्तिपूर्ण र सहजताका साथ सम्पन्न गर्ने जिम्मेवारी गृहमन्त्रालयको हो । निर्वाचनमा भाग लिन उत्सुक नागरिकलाई सुरक्षाको प्रत्याभूति दिने जिम्मेवारी पनि गृहमन्त्रालयकै हो । त्यसका अतिरिक्त जनताको जिउधनको सुरक्षा गर्ने जिम्मेवारी पाएका सुरक्षा निकायलाई निर्देशन गर्ने काम पनि गृहकै हो । यी कामहरुमा गम्भीर बन्दै निर्वाचनमा सुरक्षा व्यवस्था चुस्त पार्न अग्रसर हुनुपर्ने गृहमन्त्रीले सुरक्षा दिन सकिँदैन भन्ने जस्तो गैरजिम्मेवार अभिव्यक्ति दिनु संघारमै आइसकेको निर्वाचन नहोस् भन्ने चाहना राख्नु हो ।

निधिले यसअघि पनि निर्वाचनमा सघाउ पुग्ने आशयका अभिव्यक्ति नदिएका होइनन् । सरकारले कुनै पनि हालतमा एकै चरणमा निर्वाचन गर्ने बताइरहँदा उनले दुई चरणमा गर्नुपर्ने अभिव्यक्ति दिएका थिए । चुनाव नजिकिँदै गर्दा सुरक्षा जस्तो संवेदनशील विषयमा गृहमन्त्रीबाटै नकारात्मक धारणा आउनुले वैशाख ३१ मा कसरी चुनाव होला भन्ने आशंकामा बल मिलेको छ । स्थिति प्रतिकूल नभएमा अबका २३ दिनमा देशमा करिब दुई दशकपछि स्थानीय निर्वाचन हुन लागेको छ । लामो समय कर्मचारी शासित तथा सर्वदलीय संयन्त्रका नाममा भ्रष्टाचारको अखडा बनेको स्थानीय तह जनप्रतिनिधिका हातमा आउने अवसरलाई जनताले स्वागत गरेका छन् । तर गृहमन्त्री आधा मनले मात्र निर्वाचनमा लाग्नुले जनतामा निराशा बढाएको छ । जनताको यो निराशा चिर्न चित्तबुझ्दो र विश्वासिलो सन्देश दिन सकेको छैन । मधेसी मोर्चा र गठबन्धनले निर्वाचनकै सेरोफेरो पारेर आन्दोलनका कार्यक्रम घोषणा गर्नु र गृहमन्त्रीले सुरक्षा दिन नसकिने आशय प्रकट गर्नुले जनमानसमा त्रास उत्पन्न हुने अवस्था निम्तिएको छ ।

निर्वाचनसँग वर्तमान संविधानको जीवनमरणको प्रश्न जोडिएको छ । यो संविधानको असफलतासँगै मुलुकको प्रतिगमनको यात्रा पनि जोडिएको हेक्का नेताहरुलाई हुनुपर्ने हो । तोकिएको समयमा निर्वाचन नहुँदा यो सत्ता टिकिरहन्छ भ्रम नपाले हुन्छ । त्यसले ल्याउने दुष्परिणाम रोक्न पनि निर्वाचन अपरिहार्य छ । संविधानको धारा ५६ ले परिकल्पना गरेबमोजिम स्थानीय, प्रादेशिक र संघीय संसदको चुनावमध्ये स्थानीय तहको चुनाव हुँदैछ । बाँकी दुई प्रादेशिक र संघीय संसदको चुनाव पनि माघ ७ गते गरिसक्न संविधानले निर्देश गरेको छ । यो समयसीमाभित्र तीनवटै तहको चुनाव हुन सकेन भने सार्वभौम संविधानसभाले जारी गरेको संविधान कार्यान्वयन नभई असफल हुनेछ । त्यसबेला कुनै पनि प्रकारको अधिनायकवादले टाउको उठाउने निश्चित छ । संघीयता, समावेशिता, समानुपातिक, गणतन्त्र र धर्मनिरपेक्षता त्यसबेला धरापमा पर्नेछ । राष्ट्रवादका नाममा नयाँ तानाशाह वा अधिनायकवादको अभ्युदयको खतरालाई नजरअन्दाज गर्न सकिँदैन । दलहरु असफल प्रमाणित हुनेछन् र जनतासँगको उनीहरुको दूरी छिट्टै जोडिने छैन । यो यथार्थतालाई बुझेर पनि मधेस केन्द्रित दलहरु भने चुनाव बाँकी ८ पेजमा

## सामुदायिक वन अध्यक्षको धन

झापा । पूर्व-पश्चिम लोकमार्गबाट दक्षिणतर्फ लमतन्न परेको देखिए पनि भित्रभित्रै ठूला र सग्ला रुखका बोक्रा तासी रुख सुकाएर काटी बेच्ने प्रवृत्तिले सखाप बन्न थालेको छ ।


देशका अन्य भागमा वानमारा तस्कर हरुले जंगल काटी आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्ति रहेकोमा यस वनमा भने स्वयं सामुदायिक वनका पदाधिकारीहरु तथा वन उपभोक्ता समितिका अध्यक्ष नै वन काटी बेच्ने कार्यमा संलग्न रहेको दाबी गर्छन् स्थानीय चारआलीबासीहरु ।

चारआली वन उपभोक्ता समितिका अध्यक्ष दुर्गाप्रसाद भट्टराईले ठूलठूला सालाका रुखका बोक्रा उक्काउन दर्जनौं हनुमानहरु परिचालन गरी रुखका बोक्रा उक्काउने गर्छन् र बोक्रा उक्किएपछि सुकेको रुख काटेर घाटगद्दी गर्ने बहानामा रुख बेच्ने काम भट्टराईको रहेको एक वनप्रेमी बाँकी ८ पेजमा

## अभागी आडवाणी

काठमाडौं । भारतका भावी राष्ट्रपति र उपराष्ट्रपतिका रुपमा हेरिएका भारतीय जनता पार्टीका संस्थापकमध्येका एवं पूर्वप्रमुख लालकृष्ण आडवाणी र मुरलीमनोहर जोशीमाथि आपराधिक मुद्दा लागेको छ । भारतको सर्वोच्च अदालतले १६ औं शताब्दीको प्रसिद्ध बाबरी मस्जिद भत्काएको विषयमा यी दुई नेताका अलावा दर्जनौं भाजपा नेतामाथि आपराधिक षड्यन्त्रको मुद्दा चलाउन आदेश दिएको छ । अदालतको आदेशले भारतीय राजनीति तरंगित बनेको छ भने भाजपालाई ठूलो झट्का लागेको छ । मुद्दाको तत्काल सुनुवाई गरी दुई वर्षभित्र टुंगो लगाउन समेत अदालतले आदेश दिएको छ ।

भाजपाका नेताहरुले उत्तेजक भाषण गर्दा एउटा हिन्दूवादी समूहले सन्



१९९२ मा अयोध्यामा रहेको बाबरी मस्जिद भत्काएको थियो । त्यसपछि भएको हिन्दु र मुस्लिमबीचको दंगामा झन्डै दुई हजारको ज्यान गएको थियो । भाजपा नेताहरुले भने आफूमाथि लागेका सबै आरोप अस्वीकार गरेका छन् । अदालतले आपराधिक मुद्दा चलाउन आदेश दिएका कतिपय नेताहरुको मृत्यु भइसकेको छ ।

मस्जिद रहेको स्थानमा हिन्दूहरुका भगवान रामको जन्मभूमि भएको हिन्दूवादीको दाबी छ । १६ औं शताब्दीमा राम मन्दिर भत्काएर मस्जिद निर्माण गरिएको उनीहरुको तर्क छ । यसलाई मुस्लिमहरुले ठाडै भत्काइएको भारतको केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) ले जनाएको छ । हिन्दूहरुले सो स्थानमा राम मन्दिर बनाउन माग गरेका छन् भने मुस्लिमहरुले भत्काइएको क्षेत्रमा नयाँ मस्जिद बनाउनुपर्ने बताउँदै आएका छन् । सन् २०११ म उच्च न्यायालयले मन्दिर बाँकी ८ पेजमा

## पिउनेपानीको आपूर्तिमा वृद्धि

■ चन्द्रमणि प्रसाईं

भद्रपुर । पूर्वाञ्चलको विकासमा अग्रपंक्तिमा रहेको झापा जिल्लामा बसोबास गर्ने सम्पूर्ण नागरिकलाई शुद्ध खानेपानी उपलब्ध गराउन जिल्ला खानेपानी कार्यालय चन्द्रगढीले जिल्लाभरि अहिले थुप्रै खानेपानी योजनाहरु सञ्चालन गरिरहेको बुझिएको छ ।

जिल्ला खानेपानी कार्यालय चन्द्रगढीमा कार्यरत दुईजना इन्जिनियर प्रमोदकुमार दत्त तथा कारी महतोले ग्रेटर नेपाल साप्ताहिकलाई दिएको जानकारीअनुसार जिल्लामा अहिले महारानी झोडा, धरधरे, गुवाल डुब्बा, सीतापुरी, कोरोबारी, बैगुन्धुरा, कोलाटोली, हल्दीबारी, गोलधाप, राजगढ, घेराबारी, पथरिया, केचना, पाठामारी, जलथल, महेशपुर, ज्यामिरगढी आदि ठाउँमा खानेपानी आयोजनाहरु सञ्चालन भइरहेका छन् ।

झापाली जनताको विकासप्रति



उत्साह बढ्न जाँदा सरकारी लगानी ८० प्रतिशत र स्थानीय जनताको २० प्रतिशत सहयोगमा निर्मित यस्ता ओभरहेड ट्यांकहरु बाँकी ८ पेजमा

## ढकाल सम्मानित



काठमाडौं । यस पत्रिकाका सम्पादक/प्रकाशक तथा रोटरी इन्टर नेसनल डिस्ट्रिक्ट नेपालका पूर्व असिस्टेन्ट गर्भनर तथा रोटरी क्लव डिल्लीबजारका पूर्व अध्यक्ष सुरेन्द्र ढकाललाई सोलुखुम्बु जिल्ला बुङस्थित श्री सगरमाथा माध्यामिक विद्यालयले गत शुक्रबार वैशाख १ गते एक समारोहबीच सम्मान गरेको छ । सम्मान विद्यालयका तर्फबाट कार्यक्रमका प्रमुख अतिथि तथा सांसद बलबहादुर केसीले गर्नु भएको थियो ।

(पूर्ण समाचार पृष्ठ ७ मा )

## समय-सन्दर्भ | भ्रष्टाचारीहरूको क्रीडाभूमि

राजेन्द्र शर्मा

विश्वकै गरिब मुलुकको सूचीमा निरन्तर रहँदै आएको हाम्रो देश भ्रष्टाचारीहरुको पनि क्रीडाभूमि मानिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको सुशासनसम्बन्धी प्रतिवेदनमा ५० भन्दा तल अंक पाउने मुलुकलाई भ्रष्टाचार व्याप्त मुलुकमा राखिएको छ भने नेपालले त यस पटकको प्रतिवेदनमा ३० अंकभन्दा तल पाएको छ । यो तथ्यांकले नेपाल कति भ्रष्ट र पत्रु बनेको छ भन्ने कुरा छर्लंग हुन्छ ।

पञ्चायत कालमा ठूला आयोजनाहरु सञ्चालन नभएका र दरबारको समेत डर भएका कारण भ्रष्टाचार न्यून थियो । राजाका भाइ भतिजाहरु समेत आर्थिक अभावमा गाँजा तस्करी, मूर्ति तस्करीमा लाग्ने गरेका थिए । ०४६ को परिवर्तनसँगै विदेशदेखि ओइरिएको आर्थिक सहयोग ऋण रकममा र विभिन्न आयोजनामा ठूलाठूला भ्रष्टाचार हुन थाले । क्याबिनेटदेखि सुन तस्करी खुला गरियो भने गिरिजाप्रसाद कोइरालाले मच्चाएको लाउडा विमानकाण्डले तत्कालीन आरएनएसी नराम्रो भाषमा भासिन पुग्यो । विदेशीले सहयोगमा र उपहारमा बनाइदिएका कलकारखाना निजीकरणको नाममा कौडीको मोलमा बेचेर कमिसन हसुर्ने काम गरियो । विकासे अड्डाहरुमा चुलिएको बेथिति भ्रष्टाचारको लेखाजोखा छैन । यसै बीचमा जन्मिएको माओवादी जनयुद्धले पनि आर्थिक बेथितिको ताण्डव नै मच्चायो । जनयुद्धलाई विश्राम दिने काममा भएको द्वन्द्व व्यवस्थापनको बेहिसाब खर्चको चर्चा अहिले सर्वत्र व्याप्त छ ।

जनसेवाका शिविरमा भएको अर्बौं आर्थिक अनियमितता अहिले एमाओवादी भित्र, बाहिर र संसदमा समेत चर्चाको विषय छ । यस अवधिमा अचानक देखिएका ठूलठूला टावरका मालिक, डिपार्टमेन्टल स्टोर हरुका मालिकहरुको सम्पत्तिको स्रोत, लगानीको स्रोत खोज्ने कहीँ कतैबाट भएको छैन । स्वीस बैंकमा नेपालीको नाममा थुप्रिएको अर्बौं रकम यस्तै भ्रष्टाचार, कमिसनतन्त्र र लुटतन्त्रको कालोधन थुपारिएकोमा कुनै दुईमत छैन । नेपालबाट दैनिक करोडौं रकम अवैध ढंगबाट बाहिरिने गरेको छ । हुण्डीमार्फत बाहिरिने कालोधन विश्वका विभिन्न विकसित मुलुकहरुमा पुग्ने गरेको छ । बाँकी ८ पेजमा

## मेची नदीमा अत्याधुनिक पुल

झापा । रोड कनेक्टिभिटी प्रोजेक्टअन्तर्गत नेपाल-भारत सीमामा मेची नदीमाथि थप दुई पुल निर्माण गरी ६ लेन युक्त अन्तरदेशीय यातायात संजालले निकट भविष्यमा नेपाल-भारतबीचको आवागमन तथा पारवहन सुविधा विस्तार हुने भएको छ । अहिले कायम रहेको मेची नदीमाथिको २ लेन पुलको दायाँ-वायाँ थप २-२ लेन पूल निर्माण गरी नेपालको झापा जिल्ला र भारतको बंगाल जोड्ने यो पुललाई ६ लेनमा विस्तार गर्न लागिएको हो ।

भारत सरकारद्वारा मेची नदीमाथि बनाइने पुलको डिजाइन गर्ने कार्य भइरहे पनि नेपाली पक्षबाट पुल वरपरका संरचना नहटाइदिँदा निर्माणाधीन पुलको काम अघि बढेको छैन । यो पुल झन्डै ६ सय ५० बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# त्यति स्वागत पाउनु पनि धेरै नै हो



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**सेवकहरू आफ्नो प्रभुले गरेको त्यो हैसियतको स्वागतबाटै कति खुसी हुँदारहेछन् भन्ने कुरा राष्ट्रपति विद्या भण्डारी र परराष्ट्रमन्त्री महतको प्रफुल्ल मुद्राले स्पष्टै गरेको थियो ।**

केही महिनाअघि भारतका सेरेमोनियल राष्ट्रपति प्रणव मुखर्जी नेपाल आउँदा नेपालकी राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री सिंगै क्याबिनेट लिएर आधा घण्टाअगाडि नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेर टण्टलापुर घाममा मुखर्जीको स्वागतार्थ कुरिरहेको दृश्य देख्दा स्वाभीमानी नेपाली जनमानसले के नेपालकी राष्ट्रपति भारत जाँदा विमानस्थलमा बराबरीको स्वागत होला त भनेर आफैँलाई प्रश्न गरेका थिए ।

यस पंक्तिका लेखकले त त्यति नै बेला यो त दलालहरुले देखाउने चाकडीको अनुपम उदाहरण हो भन्दै मालिकप्रतिको कुकुरको भक्तिलाई त्यस घटनासँग दाँजेको थियो । त्यतिमात्रै होइन मुखर्जीको चाकडी बजाउन नेपालमा त्यतिखेर सार्वजनिक विदासमेत गरिएको थियो । उनी आउँदा र जाँदा नेपाली सेनाले तोपको सलामी पनि चढाएको थियो । यसै त नेपालमा गरिने बन्द र हडतालको कारण विद्यालयको शिक्षा, उद्योगको उत्पादन, सेवा क्षेत्र वन्द हुँदा सेवाग्राहीले पाउने सास्तीको बयान गरेर साध्य छैन् झन् त्यसमाथि नेपालकी राष्ट्रपति भारत जाँदा, आउँदा सिंगै देश बन्द गर्नुले देशलाई कति अर्बको टुट्टा पर्‍यो होला त्यसको लेखाजोखा कस्ले गर्ने ? आखिर भारतले नेपालकी राष्ट्रपतिको हैसियत तोकिदियो । दियो भारत भर विदा ? पड्कायो भारतीय सेनाले तोपको सलामी ? आए उनलाई विमानस्थलमा स्वागत गर्न भारतीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा मन्त्री ? उनलाई स्वागत गर्न पुगिन् फगत एक बालबालिका राज्यमन्त्री विमानस्थल ।

सेवकहरु आफ्नो प्रभुले गरेको त्यो हैसियतको स्वागतबाटै कति खुसी हुँदार हेछन् भन्ने कुरा राष्ट्रपति विद्या भण्डारी र परराष्ट्रमन्त्री महतको प्रफुल्ल मुद्राले स्पष्टै गरेको थियो । केही दिन अघिमात्र भारतीय एसएसबीले नेपालभित्र पसी एक नेपाली नागरिकलाई मारेको घाउ पनि राम्ररी नसुक्दै भएको राष्ट्रपति विद्याको जम्बो भारत भ्रमणले सरकारी ढुकुटी रित्याउनु सिवाय देशको लागि के नै देला र ? हुन त भारतीय गुप्तचर संस्था रअले षड्यन्त्र गरी पति मदन भण्डारीको हत्या गरेकै कारण उनी अहिले राष्ट्रपतिको रुपमा भारत भ्रमण गर्न पाएकी छिन् भने विमानस्थलमा जोसुकै स्वागत गर्न आउन उनलाई के को पिर ? नपाउनेले के पायो बोक्रैसमेत चपायो भन्ने उखान पुर्खाहरुले त्यसै बनाएका होइनन् ।

नेपालको स्वतन्त्रता, विकास र शान्तिको चरम दुश्मन यदि कोही छ भने त्यो भारतबाहेक विश्वको अरु कुनै राष्ट्र हुनै सक्तैन । नेपालको टिस्टा काँगडाको भूभागलाई अझै पनि उपनिवेश बनाइरहनु, मेची महाकालीको नेपालको पनि ७४ स्थानमा सीमा मिच्नु, अन्तर्राष्ट्रिय कानुनविपरीत दशगजाको नोमेन्सलैण्डमा सडक र बाँध निर्माण गरी नेपाली भूभाग डुबानमा पारी आतंक सिर्जना गर्नु, अनि दिनदहाडै आफ्ना सुरक्षा बललाई नेपाल हुली निर्दोष नेपाली नागरिकको हत्या गर्नु भारतको दैनिकी भएको छ । यदि नेपाली जनताले नेपालमा स्वाभीमानी अनि राष्ट्रवादी दललाई बहुमत दिलाई सरकार बनाउन मद्दत गर्थे भने भारतले नेपालविरुद्ध यस्तो हर्कत गर्न सक्ने थिएन । यो नेपाली जनताको न्यून चेतनास्तरको कारणले गर्दा पनि हो । भीमसेन थापा र माथवरसिंह थापाको हत्यादेखि नै नेपालमा भारतका नोकरहरुको बोलवाला र शासन चलेकै कारण भारतले नेपालसँग समानताको व्यवहार गर्न कहिले पनि चाहेको छैन र यसपालि पनि सो स्पष्टै देखियो । भारत र चीनलाई समदूरीमा नराखी भारतीय नेताहरुको तलुवा चाटेको भरमा नेपालको शासनमा आउन र स्थापित हुन सकिन्छ भन्ने मान्यतालाई यहाँका दलाल दलहरुले स्थापित गराएकै कारण नेपाली नागरिकता लिएका चुनावहरुवा भारतीय मधिसेहरु अब नेपाल विखण्डन गर्ने संघारमा आइपुगिसकेका छन् भने यिनका नेपाली दलालहरु भारतको नयाँ प्रान्तको मुख्यमन्त्री बन्न पाउने सपना पालिरहेका छन् । त्यसैकारण भारतीय राज्यमन्त्रीको विमानस्थलमा स्वागत पाउँदा मात्रै पनि यी सेवकहरु हर्षले विभोर हुन्छन् । हुन त सेवक सेविकाहरुले त्यति स्वागत पाउनु पनि धेरै नै हो ।

## सम्पादकीय

# जनताबाट अनुमोदित होऊ

स्थानीय तह निर्वाचनको मिति आउन अब २३ दिन मात्र बाँकी छ । निर्वाचनमा भारतीय असहयोगका बाबजुद पनि निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको छ । जनता निर्वाचनको दिनको व्यग्र प्रतिक्षा गरिरहेका छन् । राजनीतिक दलहरूमा निर्वाचनको रंग चढिसकेको छ । निर्वाचन आयोगबाट चुनावचिन्ह पाउने संसदभित्रका २७ दल मात्र होइनन् आयोगमा दर्ता भएका सबै दलहरू स्वतन्त्र हैसियतमै भए पनि निर्वाचनमा भाग लिन उत्सुक देखिएका छन् ।

हुन त संविधान बनाउनका लागि मात्र जनताले संविधानसभामा पठाएका दलहरूले संसद बाहिरका दलहरूलाई चुनावचिन्ह नदिने ऐन बनाएर नियोजित रूपमा निर्वाचनबाट पाखा लगाउने जुन धृष्टता गरेका छन्, त्यो भने लोकतन्त्रकै कालो टीका हो भन्न करै लाग्छ । कुन दलको हैसियत के र कस्तो हो भन्ने परीक्षा नै निर्वाचन हो । एकपटक जितेकै भरमा संसदभित्रका दलहरूले आफूहरूलाई जुन चिरकाल विजयी ठानेका छन् त्यो भ्रम मात्र हो । फुटबलको विश्व विजेता टिमले पनि फेरि अर्को विश्वकपका लागि चरणबद्ध रूपमा विजय हासिल गरी आफूलाई योग्य सावित गर्नुपर्छ । तर संसदभित्र रहेका २७ दलले बाहिर रहेका अन्य दललाई प्रतिस्पर्धाबाट अलग्याउने जमर्को गर्नु लोकतान्त्रिक मूल्य र मान्यताको विपरीत छ ।

चुनावी माहौल बनिरहेकै बेला चुनावचिन्हको माग गर्दै संसद बाहिरका दलहरू शान्तिपूर्ण आन्दोलन गर्न बाध्य छन् । अर्कोतिर मधेसी मोर्चा र संघीय गठबन्धन चुनाव बिथोल्ने तयारीमा छ । सहमति र असहमतिका बीच आयोगले जसरी पनि चुनाव गराएरै छोड्ने प्रतिबद्धता व्यक्त गरेको छ । मधेसी मोर्चा र संघीय गठबन्धनले चुनाव बहिष्कार गर्ने घोषणा गरेका छन् र नेपाल बन्दजस्ता कठोर संघर्षका कार्यक्रमहरू सार्वजनिक गरेका छन् । झन्डै दुई दशकपछि संघीयताको ढाँचामा हुन लागेको स्थानीय तहको निर्वाचन संविधान कार्यान्वयनको प्रस्थानबिन्दु पनि हो । २०७४ माघ ७ भित्र स्थानीय, प्रादेशिक र संघीय संसदको निर्वाचन गर्नैपर्ने संविधानले निर्देश गरेको छ । यो मितिभित्र तीनवटै तहका निर्वाचन हुन सकेनन् भने संविधान असफल हुन्छ, त्यसपछि मुलुकमा घोर संवैधानिक एवं राजनीतिक संकटको सन्नाटा छाउँछ । संविधान देशको मूल कानुन भएकाले त्यसको कार्यान्वयन अपरिहार्य छ । संविधान कार्यान्वयन भनेकै माघ ७ भित्र तीनवटै तहको निर्वाचन सम्पन्न गर्नु हो ।

२०७२ असोज ३ गते सार्वभौम संविधानसभाले संविधान जारी गरेपछि असन्तुष्ट बन्दै आन्दोलनमा उत्रिएको मधेसी मोर्चाले फेरि आन्दोलनकै प्रत्युत्पादक बाटो रोजेको छ । दोस्रो पटक संसदमा सरकारले दर्ता गरेको संविधान संशोधन विधेयकप्रति उसले असहमति जनाउँदै चुनाव नै भाँड्ने अराजक गतिविधिमा उत्रने भएको छ । मोर्चाका पछाडि संघीय गठबन्धनका नाममा जातिवादी समूहहरू पनि लागेका छन् । केही समूहहरूले चुनाव बहिष्कार गर्दैमा चुनाव नहुने भन्ने प्रसंग उठाउन सकिन्न । दोस्रो संविधानसभा चुनाव पनि ३३ दलीय गठबन्धनले बहिष्कार गरेको थियो भाँड्ने भनेको थियो । तर जनताले नै उनीहरूलाई बहिष्कार गर्दै उत्साहपूर्वक चुनावमा भाग लिए । अहिले पनि जनता बहिष्कारको पक्षमा छैनन् र चुनाव बहिष्कार गर्ने दलहरू नै बहिष्कारमा पर्ने निश्चित छ ।

मधेसी मोर्चा र संघीय गठबन्धनको चुनाव बिथोल्ने नीति गैरलोकतान्त्रिक छ । लोकतन्त्रमा कुनै दलले चुनाव बहिष्कार गर्न पाउँछ तर बिथोल्न होइन । झन्डै दुई दशकदेखि स्थानीय निर्वाचन हुन सकेको छैन अर्थात् स्थानीय सत्ता जनताको हातमा छैन । अब जनताले आफ्ना प्रतिनिधि आफैंले चुनेर स्थानीय सत्ताको निर्माण गर्दैछन् जुन निर्वाचित प्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुनेछन् । संविधान प्रदत्त यस्तो जनाधिकार खोस्ने हर्कत मोर्चा र गठबन्धन गरेमा जनताले अवश्य प्रतिकार गर्नेछन् । जनतामा जानु र जनताबाट अनुमोदित हुनु नै सबै दलको कर्तव्य हो ।

# कूटनीति र राजनीतिका दुई शैलीहरू



**जगदीश लामिछाने**
रौतहट, पौराई

**अहिले पनि चीनले फुकी फुकी हिँड्दा नेपालको शक्ति र क्षमता विचार गर्नैपर्छ । तर भारतपट्टिबाट १९४७ देखि २०१७ सम्मै कूटनीतिक दुःख नेपालको नियति नै बनेको छ ।**

अहिले चलनचल्तीमा रहेको कूटनीतिमा धेरैजसो व्यवहार देखावटी रुपमा एउटा र आन्तरिक उद्देश्य अर्कै हुन्छ । यसैले भित्रको वस्तु नदेखिनु यसैको सूक्ष्मता हो । त्यही खोज्न संसारले छ्यामछ्युम गर्दा ज्यादाजसो अशान्ति हुने गरेका छन् । अंग्रेजी भाषाको polite चिप्लेबाट politics बनेकै छ, यो कूटनीति पनि भन्नुपर्ने थिएन ।

तर यही संसारका शासकहरुले अर्को नीति पनि अँगाल्दछन्, त्यो नीतिमा आफ्नो र अर्काको भलो देखिएको गरिएको र परिणाम पनि त्यस्तै हुन्छ । हामी अत्याचारी सरकारका कुरा गरिरहेका छैनौं केवल मुख्य नीति दुईका कुरा गरिरहेका छौं, नीति मानवको जिउने कला हो भनिरहेका छौं । यसैले हिमालयका दक्षिणी पाखामा ४ वेद १८ पुराण र नीतिहरु बग्रेल्ती रचना भएका हुन् । त्यहाँ लडाइँ झगडा भए पनि पुनः विजयी र विजितमा सद्भाव हुनुपर्छ भनिन्छ । यसैले कूटनीतिलाई राज् दिप्तौ अर्थात् उज्यालो र भलो शब्दले सुशोभित गराई राजनीति भन्ने गरिन्छ । शोषक राजा होइन अरुको कल्याण नगरी राजा भइँदैन ।

नेपालले राजनीतिमा विश्वास गर्छ । राजर्षि जनक, राजा शुद्धोदन, राजा मानदेव र श्री ५ पृथ्वीनारायण पनि जनताको निमित्त राजनीति गर्थे, नेपालमा आधुनिक यातायात नभएको अवस्थामा पनि चीनतर्फ हिमालय बाधक थिएन । वैदिक मन्त्रहरुका साथ बुद्धधर्म पैदलै वारपार गरिरहन्थे ।

धेरै समय बेलायती बन्धुहरुसँग नेपाली राणाहरुको र वर्तमान भारतको पनिबसाउठी भयो । नेपालीहरुले अघिदेखि युरोपका जातिहरुलाई फिरंगी भनिरहे । युरोपमै पनि देशदेश मेल थिएन । विश्वयुद्धमै दुई पटक प्रस्ट भयो एसियाको जापानको ताल ठीक नलागेर होला अमेरिकाले बम नै खसाल्यो । त्यसैबेला हाम्रो दक्षिणमा अंग्रेज गजधम्म बसेकै थियो ।

१९४७ई.सं.मा उसले भारत छोडिजाँदा आफ्नो एउटा जड्यौरी कूटनीति भारतमै छोडिगयो । यसैले भारत पाकिस्तान र अहिले बंगलादेश भए । त्यस्तो नीति आफ्नो मान्दा बेलायतै अमेरिकासँग लहसिएर भर्खरै चिर निद्राबाट ब्युँझिएको छ । भारत अझै जड्यौरी कुटिल नीतिमै छ कूटनीतिमै छ ।

पहिले अमेरिका र सोभियत संघ प्रतिस्पर्धामा आआफ्नो क्षेत्रमा थिए । पालैपालो अफगानिस्तान र भियतनाम आदिमा खेले । त्यस समयको भुसभुसे आगो अझै बाँकी छ । अब त्यही मार्गमा चीन शान्त कूटनीतिमा देखिन्छ । यो उसको राजनीति हो कि कूटनीति हो हेर्न बाँकी नै छ । नेपालप्रति चीन राजनीतिमै छ जति नेपाल शक्तिअनुसार चीनप्रति गरिरहेछ त्यति चीनको शक्तिअनुसार भएको भए १८१६ मा नेपाल अंग्रेजसँग हार्ने थिएन ।

अहिले पनि चीनले फुकी फुकी हिँड्दा नेपालको शक्ति र क्षमता विचार गर्नैपर्छ । तर भारतपट्टिबाट १९४७ देखि २०१७ सम्मै कूटनीतिक दुःख नेपालको नियति नै बनेको छ । अमेरिका पनि नेपालमा संयमित गराउन सक्नु नेपालीहरुको योग्यता हो । अमेरिकाको संसारभरि विशेष गरेर तालिवानप्रति नीति उल्लेख्य नै छ ।

त्यस्तो राजनीति गर्नेले दुःख पाएको किन त ? भन्ने प्रश्न उठ्न सक्छ । राजनीतिले अर्थनीति पनि सञ्चालन गर्ने भए पनि अर्थनीतिलाई मात्र महत्व दिइयो भने आर्थिक कूटनीतिले संसारमा सत्ता नै किनिएका धेरै छन् । व्यक्तिको कुरा त परै राखौं । तर राजनीतिले त्यस्तो गर्न अनुमति दिँदैन ।

यही परिप्रेक्ष्यमा नेपाल आर्थिक रुपमा सबल नहुनुमा नेपालले स्वतन्त्र र विश्वसनीय पारवहन लिन नसक्नु नेपालीहरुको आफ्नै कमजोरी स्वीकार्नु पर्छ । विश्व आर्थिक उदारीकरणको फाइदा लिन हवाई यातायात वरदान नै हो । त्यो पनि बंगलादेश जन्मँदा भारतले कुण्ठित गरिदिएको सबैले हेरिरहेकै हुँदा भरपर्दो रहेन । यसैले आफ्नै स्वतन्त्र आकाश र स्वतन्त्र भूमि चाहिने रहेछ ।

त्यति मात्र नभई आफ्नो उन्नति दिगो र राजनीति पनि स्थिर रहँदैन भन्ने देखियो । दुःख केमा छ भने सत्तामा नेपालमा रहनेहरुले बनाएको आफ्नै नीतिले नेपाल आफैंलाई दुःख दिइरहेको हुँदा आफैंले आफूलाई बन्धनमा राख्ने सत्ता चाहिँदै चाहिन्न भन्ने राजनीति नेपाललाई अनिवार्य भएको हो । हाम्रो नेपाली राजनीति यसैमा केन्द्रित हुनुपर्छ ।

## अबको क्रान्ति : पर्यावरणीय

**सुदर्शन प्रधान**

# भावी सहर र गाउँबस्तीको स्वरुप कस्तो होला ?

यो जिज्ञासा चुनौतीपूर्ण हुन सक्छ तर मानव समाज र सभ्यताबारे विगत र वर्तमानलाई गम्भीरतापूर्वक अध्ययन गरी भविष्यको खाका तयार गर्न क्रियाशील व्यक्तिहरुले यसबारे पूर्वअनुमान गरी बताउनु आवश्यक हुन्छ । यसबाट आन्दोलनको लक्ष्य प्रस्ट हुन्छ र सबै क्रान्तिका वाहकहरु त्यो बिन्दुमा दृढतापूर्वक लाग्न सक्छन् । अन्यथा सिंगो समाज कुहिराको काग बनेर सबैतिर हानिनोक्सानी मात्र पुग्छ ।

सहरबजारमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, सुरक्षा, विभिन्न सुविधा र थुप्रै मानवीय वस्तुहरु सरल र सुगम रुपले प्राप्त हुने भएकाले संसारभरि सहरी जनसंख्या बढ्दो छ । विकासोन्मुख मुलुकहरुमा त त्यसको प्रतिशत अझ तीव्र रुपमा बढ्दै छ । नेपालमै पनि काठमाडौं, पोखरा, विराटनगर, नारायणगढ, नेपालगन्ज, धनगढी आदि सहरहरुमा जनसंख्या तीव्र बढ्दो छ । यहाँ ढल, नाली, सडक, बिजुलीका खम्बा, पानीका पाइप, टेलिफोन टावर हरुले सहरलाई नै कुरुप तुल्याएका छन् । भविष्यको सहर यस्तो हुने छैन, जसले प्रकृतिका महान अंगहरुमा आक्रमण गरी विनाशतर्फ लैजान्छ । यहाँ केही जिल्लाका केही गाउँठाउँको नाम लिनु उपयुक्त हुन्छ, जहाँको भौगोलिक धरातलबारे यो पंक्तिकार राम्ररी परिचित छ । यिनको उदाहरण नेपालभरि लागू हुन सक्छ र विश्वव्यापी पनि ।

चितवन, तनहुँ, नवलपरासी आदि जिल्लाका आजका गाउँहरु बिजोगको अवस्थामा छन्, जहाँ केही आदिबासीबाहेक प्रायः घर, टोल, गाउँबस्तीहरु सबै छरिएका छन् । पानी, सडक, स्कुल, अस्पताल, टेलिफोन जस्ता सुविधाहरु पाउन मुश्किल छ र जनता आकुलव्याकुल छन् । त्यसो भए भावी मानवबस्ती कस्तो होला ? त्यसको स्वरुप कस्तो बनाउनुपर्ला ?

सर्वप्रथम प्रकृति महान छ । यसको संरक्षणमा कुनै पनि मूल्य चुकाएर जानुपर्छ साथै मानव जातिका सेवा, सुविधामा पनि ध्यान दिनुपर्छ । यी कुरामाथि मध्यनजर गर्दा प्राकृतिक स्रोतसाधनलाई ग्राह्यता दिएर मानवबस्ती र सहरहरु निर्माण हुनेछन् ।

भूमि, पानीको स्रोत, वनजंगलको संख्यात्मक र गुणात्मक अवस्थालाई मध्यनजर गरी जनआवादी रहनेछ । भविष्यमा काठमाडौं, पोखरा जस्ता अव्यवस्थित सहरहरु बन्ने छैनन् र मकवानपुर, चितवनका चेपाङ, तामाङ, नवलपरासी, तनहुँका मगर बस्ती र लमजुङमा छरिएका कतिपय गुरुङ बस्तीहरु रहने छैनन् । छुट्टाछुट्टै घरहरु बनाएर बस्ने क्षत्री, ब्राह्मणहरुको बस्ती जस्तो त कतै अस्तित्व पनि रहने छैन ।

राजमार्गदेखि केही टाढा रहेका र अधिक तातो र चिसो नहुने चितवनका चैनपुर, पिठुवा गाउँहरु, लमजुङका बाग्लुङ पानी, कपुरगाउँ, गिलुङ, घलेगाउँ, सिउरुङ, पसगाउँ, नवलपुरको प्रगतिनगर दलदलेको उत्तरी भागको सेरोफेरो मोडल गाउँबस्तीहरु हुनेछन् । उर्वराहीन भूमि, स्वच्छ हावापानी, सुन्दर दृश्यहरु मानवबस्तीका मूल सर्त हुनेछन् । राजमार्गवरपर उर्वराभूमि, सम्भावित प्राकृतिक विपत्ति हुन सक्ने भूमि र अधिक जाडो तथा गर्मी हुने धरातल मानव बस्तीका लागि योग्य हुँदैनन् ।


चितवन जिल्लाको भरतपुर, पूर्व चितवनको पिठुवा-शक्तिखोर-लदरी-सिद्धि, महाभारतको घाँच, पश्चिम चितवनका शुक्रनगर विजयनगर सेरोफेरो मानवबस्तीका उत्तम क्षेत्र हुन् । नवलपरासीका ढोडेनी, गडमदी, आले, नरटाँडी, बरटाँडी, प्रगतिनगरको उत्तरी भूभाग, हात्तीखोर, शंखदेव, बेलुवाजस्ता पहाडका घाँचहरु उपयुक्त भूमि हुन् । तनहुँ जिल्लाका बन्दीपुर, पार्चे कामीडाँडा, रामकोट, केशवटार, भन्सार, राम्रा ठाउँहरु हुन् । लमजुङ जिल्लाका सुन्दरबजार, गाउँसहर, शेरा तरापु आदि सहर बस्नलायक ठाउँहरु हुन् । त्यसरी नै गोरखाका च्याङतिनटार, गाईखुरटार, पालुङटार पनि सहरी बस्तीका लागि उपयुक्त छन् ।

अझ गोरखाको च्यालिङटारदेखि लमजुङको साहिँलीटारसम्मको भूभाग नेपालको राजधानी बन्न उपयुक्त ठाउँ हो । मर्स्याङ्दी नदीकिनारका यी भूभागका अनुत्पादक क्षेत्रहरुमा सहरबजार तथा भौतिक संरचना निर्माण गरिनुपर्छ । त्यसरी नै कास्कीका पाखुरीकोट, नागीघार, गहते, लिपेनी, बेगनाश तालको उत्तरी भूभाग, पोखराको सेती नदीलाई २००-५०० मिटर छोडेर र फेवाताललाई पनि २००-५०० मिटर छोडेर सहर बसाल्नु राम्रो हुनेछ । काठमाडौंको हकमा यहाँको पहाडका घाँचहरुमा मात्र सहरबजारहरु रहनुपर्छ ।

(क्रमशः)

# मैले देखेको तेस्रो विश्व आश्चर्य : पेरिसको आइफिल टावर

सुरेन्द्र ढकाल



आइफिल टावर बनाउँदाको बेला




आइफिल टावरको भुइँतला



आइफिल टावर बनाइसकेपछि



आइफिल टावरको टुप्पामा सुरेन्द्र ढकाल



आइफिल टावर र पेरिस सहर



आइफिल टावर पछाडि सुरेन्द्र

सन् १९८५।८७ को इटलीको अध्ययन क्रममा मलाई फ्रान्स जाने अनौठो मौका मिल्यो । सामान्य प्रशासन मन्त्रालयमा काम गर्दा म प्रशासन पत्रिकाको सम्पादक मण्डलको सदस्य सचिव भएर काम गर्नु पर्दथ्यो । त्यो सम्पादक मण्डलको अध्यक्षमा सहसचिव डिल्लीराज उप्रेती हुनुहुन्थ्यो । सोही कारण मैले उहाँकै निर्देशनमा बसी कार्य गरी वर्षको ४ अंक प्रशासन पत्रिका निकाल्नुपर्ने हुँदा मन्त्रालयमा मेरो दिनहुँ उहाँसँग भेट हुनु स्वभाविकै थियो । पछि सन् १९८५ को सुरुमा नै उहाँ फ्रान्सको लागि आवासीय राजदुत भई पेरिस पुग्नुभएको थियो । अहिलेको जस्तो इमेल, भाइवर तथा सजिलै गर्न सकिने अन्तर्राष्ट्रिय कल त्यतिखेर थिएन । हुलाकको भर पर्नु पर्दथ्यो ।

म इटली आइसकेपछि मैले उहाँलाई पत्र लेखी आफूलाई फ्रान्स हेर्ने रहर भएको बताएको थिएँ । पहिलो वर्ष राजधानी रोममा नभई हाम्रो पढाइ इटलीको सुदूर दक्षिणको सहर रेज्जो कालाब्रियाको जनप्रशासन स्कुलमा भएको हुँदा राजधानी रोम गई भीसा लिएर पेरिस जान त्यति सहज थिएन । दोस्रो वर्ष जब म रोमको जनप्रशासन स्कुल आएँ फेरि मैले उहाँलाई पत्र लेखेँ । मैले आशा गरे जस्तै उहाँले रोमस्थित फ्रान्स दुतावासमा एक पत्र लेखिदिनु भयो र त्यही लिएर म भीसा माग्न पुगेँ र मलाई भीसा दिइयो ।

म सन् १९८६ को डिसेम्बर महिनामा क्रिसमसको विदाको मौका पारेर रोमबाट रेल चढी पेरिस हानिएँ । दुतावासमा बस्न पाइएला नपाइएला भन्ने डरले गर्दा पेरिस पुग्नासाथ पहिले युथ होस्टलमा गई आफ्नो ब्याग (रुकस्याक) राखी म नेपाली दुतावास खोज्नतर्फ लागेँ । हातमा नक्सा लिँदै हेर्दै बाटो पहिल्याउँदै जाँदा युथ होस्टलबाट ४५ मिनेटको हिँडाइमा म दुतावास पुगेँ र उप्रेती सरलाई आफू आइपुगेको जनाउ दिएँ । उहाँ आफैँ बाहिर निस्कनुभयो र खोई त ब्याग ल घर जाउ भन्नुभयो । मैले ब्याग त युथ होस्टलमा छ भनेपछि उहाँले मलाई गाली गर्दै मकहाँ आएर पनि युथ होस्टल जाने हो त जाउ ब्याग लिएर आउ भनेर आफ्नो ड्राइभर पठाइ दिनुभयो । ब्याग लिन जानुअघि केही खाएको छ कि छैन ? भनेर सोध्नुभयो । म त रातिको ट्रेन चढेर भर्खरै आइपुगेको भनेपछि दुतावासको भुइँतलामा रहेको चिया पसलमा उहाँले मलाई ठूलो एक कप दूध चिनी हालेको कफी र क्रोसन खुवाउनुभयो । त्यसपछि म ब्याग लिई राजदुत निवास पुगेँ । त्यहाँ मेरो लागि एक कोठाको व्यवस्था भएको रहेछ । त्यहाँ ब्याग राखी खाना खाई हातमा पेरिस सहरको नक्सा लिएर म पेरिस सहर घुम्न निस्किएँ ।

पहिलो गन्तब्य मेरो आइफिल टावर थियो । १५ फ्रेन्च फ्र्यान्क तिरेर लिफ्टबाट म आइफिल टावरको टुप्पामा पुगी त्यहाँबाट पेरिस सहर अवलोकन गरेँ । २० मिनेट जति माथि बसी म तल ओर्लें र टावरलाई चारैतिरबाट हेरेँ । विश्वको आश्चर्य मानिने पेरिसको टावर पनि देख्न पाउँदा आफ्नो भाग्य र उप्रेती सर दुवैलाई मनमनै धन्यवाद दिएँ ।

दोस्रो पटक जर्मनीमा पढ्दा बेलायत जाने क्रममा सन् १९८९ को मे महिनामा महिला मित्र मोनिका क्लेमस्टाइनसँग म पुनः पेरिस पुगेर आइफिल टावरसँगको आफ्नो परिचयलाई नवीकरण गरेको थिएँ । तेस्रो पटक भने पोर्चुगलमा सन् २०१४ मा भएको रोटरी इन्टरनेसनलको कन्फरेन्समा लिस्वन जाने क्रममा मित्र कृष्णराज दुलालसँगै हामी पेरिस पुगेका थियौँ । यस पटक पनि हामी अनन्य मित्र महामहिम राजदुत मोहनकृष्ण श्रेष्ठको आतिथ्यमा राजदुतकै निवासमा तीन दिन बसेका थियौँ । त्यही क्रममा मेरो आइफिल टावरसँग झण्डै २४ वर्षपछि पुनः सम्बन्धको नवीकरण भएको थियो ।

**आइफिल टावरबारे**

आइफिल टावर इन्जिनियर गुस्ताभ आइफिलको नामबाट राखिएको हो जसले यस टावरको डिजाइन र निर्माण गरेका थिए । यसको निर्माण सन् १८८७ बाट सुरु भई १८८९ मा सम्पन्न भएको थियो । फ्रान्सको राज्यक्रान्तिको १०० वर्ष पुगेको अवसरमा आयोजना भएको विश्व मेलाको अवसर पारेर यसको उद्घाटन भएको थियो । यो टावर विश्वका धेरै पर्यटकहरुले रुचाएको टावर हो । सन् २०१५ सम्ममा यो टावर चढ्ने पर्यटकहरुको संख्या ६० लाख ९१ हजार पुगिसकेको थियो । फ्रान्सको सांस्कृतिक निधिको रुपमा रहेको यो टावर विश्व आश्चर्यमध्ये एकमा गनिन्छ । यो टावर ३२४ मिटर अग्लो छ र पेरिसको सबैभन्दा अग्लो संरचनाभित्र पर्ने हुँदा यसको टुप्पाबाट पुरै पेरिसको अवलोकन गर्न सकिन्छ ।

निर्माण भएको ४१ वर्षसम्म यो विश्वको अग्लो टावर थियो । यो टावर ३ तला (लेभल) मा बनाइएको छ । पहिलो र दोस्रो तलामा पर्यटकहरुको लागि रेस्टुराँ रहेका छन् । माथिल्लो तला भने दृश्यावलोकनको लागि मात्रै प्रयोग गरिन्छ । लिफ्ट नचढी भर्‍याङबाट माथि टुप्पामा पुग्ने हो भने १७१० खुड्किला पार गर्नुपर्छ । तर सामान्यतया सबैले लिफ्ट नै प्रयोग गर्ने हुँदा भर्‍याङ प्रयोग गर्ने गरिँदैन ।

यस टावरको कुल इष्टिमेट लागत त्यसबेला ६५ लाख फ्रेन्च फ्रान्क थियो जसमध्ये १५ लाख निर्माणकर्ता इन्जिनियर आइफिलले आफैँ ब्यहोरेका थिए ।

**निर्माणको क्रम**

टावरको जग हाल्ने कार्य २८ जनवरी १८८७ मा सुरु भएको थियो । टावरको चारैवटा खट्टा टेकाउने २ मिटरको क्रंक्रिट स्लावहरुलाई अडाउने १५ मिटर लामो, ६ मिटर गोलाई र २२ मिटर गहिरो सिमेन्ट फलाम र कंक्रिटको जग राखिएको छ । सिंगै स्टिलको टावरलाई थेग्ने कार्य यही जगले गरेको छ । यसको मुख्य संरचना निर्माण गर्ने कार्य मार्च १९८९ मा सकिएको थियो । त्यतिखेर माथिसम्म पुग्ने लिफ्ट बनिसकेको थिएन ।

पत्रकार र सरकारी कर्मचारीहरुलाई मात्र पहिलो पटक भर्‍याङ चढेर एक घण्टा लगाई टुप्पामा जान दिइएको थियो । पछि त्यही वर्षको मे महिनाबाट लिफ्ट पनि चल्न सुरु भयो । इन्जिनियर आइफिललाई फ्रान्स सरकारले निर्माण गरेको २० वर्षसम्म मात्रै टावर संचालनको अनुमति दिएको कारण सन् १९०९ मा यस टावरलाई भत्काउनुपर्ने भए तापनि आमसंचार र पर्यटन प्रवर्द्धनको उद्देश्य समेत जोडिएको हुँदा यसलाई भत्काइने योजना खारेज हुन पुग्यो । पछि यस टावरमा विभिन्न कार्यक्रम र परीक्षणहरु पनि भए ।

सन् १९१२ मा अष्ट्रियाका एक नागरिक फ्रान्ज राइखेल्टले प्यारासुट बनाई टावरबाट हामफाली परीक्षण गर्दा आफ्नो ज्यान गुमाएका थिए । प्रथम विश्व युद्धताका यस टावरमा जडान गरिएको शक्तिशाली रेडियो ट्रान्समिटरको कारण जर्मनहरुको रेडियोले काम नगर्दा पेरिस हान्न गएको जर्मन सेनाले मारने भन्ने ठाउँको पहिलो युद्धमा हार ब्यहोर्नु परेको थियो । पछि १९३५ मा यस टावरलाई २०० वाटको टेलिभिजन प्रसारण गर्ने टावरको रुपमा पनि प्रयोग गर्न थालियो । सन् १९३८ मा न्यूयोर्क सहरमा बनाइएको क्रिसलर भवनको कारण आइफिल टावरको विश्वकै अग्लो टावरको पहिचान गुम्न गएको थियो ।

सन् १९४० मा जर्मनहरुले पेरिस कब्जा गरेपछि फ्रेन्चहरुले लिफ्टको तार काटिदिए जस्को कारण जर्मन सैनिकहरु भर्‍याङबाटै टुप्पामा पुगी जर्मन झण्डा फहराएका थिए । यसैकारण हिटलरले पेरिसका गभर्नरलाई यो टावर तुरुन्तै ढाल्ने निर्देशन दिए तापनि उनले त्यसलाई अवज्ञा गरेको कारण टावर नासिनबाट जोगियो । टावर जोगिनुको अर्को कारण छोटो अवधिमा नै जर्मन सैनिकहरु पेरिसबाट लखेटिनु परेको कारणले पनि थियो ।

विश्व युद्धको कारण बिग्रेको टावरको मर्मत सन् १९५७ मा सम्पन्न हुनुअगावै १९५६ देखि नै यस टावरबाट पुनः टेलिभिजन प्रसारण सुरु गरिएको थियो । पछि फ्रान्सका राष्ट्रपति चार्ल्स दे गालको पालामा यस टावरलाई फुकालेर क्यानडाको मन्ट्रीयलमा लगेर जडान गर्ने सम्झौता भए तापनि सो सम्झौता कार्यान्वयन हुन नसक्दा आजको दिनसम्म आइफिल टावर पेरिसकै मध्यभागमा ठडिएको छ र प्रत्येक दिन विश्वबाट आउने लाखौं पर्यटकहरुको आकर्षणको केन्द्रबिन्दु बनेको छ । हरेक सात वर्षमा यस स्टिलले बनेको टावरलाई रंग लगाउने कार्य गरिन्छ जस्को लागि ६० टन रङ आवश्यक पर्दछ । अहिलेसम्म गरी १९ पटक आइफिल टावरलाई रङ लगाउने कार्य गरिएको छ ।

## देपसा गान

शब्द : टि.प्रसाई
स्वर : दुर्गा राना

टिस्टाको पानी साक्षी छ अझै सलल बगेको
काँगडा, किल्ला ढलेको छैन वीरले रचेको ।
अमर, भक्ति, बलभद्र जस्ता वीरका सन्तान
पृथ्वी जस्ता एकताप्रेमी सृष्टिका मुहान ॥

नठान आफैं कमजोर तिमी गोर्खाली वीर हौ
काम त धेरै गर्नु छ तिम्ले हिमालका शिर हौ ।
लड्नु छ अझै धर्तिका लागि जिउ, ज्यान त्यागेर
पाइन्न नत्र एकमुठी माटो भिक्षामा मागेर ॥

मिचिए हाम्रा सिमाना धेरै नेपाल खुम्चियो
सुगौली सन्धिमा जालझेल गरी देश यो लुटियो ।
विशाल नेपाल लुटेको हाम्रो नफर्काइ हुँदैन
सुतेर बसे बैरीले त्यसै लैजाऊ भन्दैन ॥

मेची र काली खुम्चेको देश झन् सानो हुँदैछ
ती जंगेपिलर सारेर बैरी हामीलाई मिच्दैछ ।
कालापानी खायो, सुस्ता खायो नपुगी त्यतिले
इलाममा खायो बहुमूल्य भूमि दक्षिणको जालीले ॥

मधेसमा हाम्रो खुम्च्यायो भूमि लुम्बिनी ताक्दै छ
नक्कली मन्दिर बनाई उता सक्कली भन्दै छ ।
जलस्रोत हाम्रो पिइसक्यो सबै सुख्खा छ तराई
चुरेका ढुंगा ओसारिसक्यो उजाड बनाई ॥

अरूको भर नपरौं अब धेरै छन् दलाल
आमालाई बेची कमिसन खाने बेइमानी गद्दार ।
जनतालाई ढाँटी विदेश धाउँछन् पर्नलाई लम्पसार
विदेशी प्रभु निल्नलाई देश बन्दै छ तम्तयार ॥

देपसा मोर्चा आइपुग्यो अब गाउँघर सहरमा
तीन पातको चुनाव चिन्हलाई बोकी जनताको घरघरमा ।
नेपाल आमा, पृथ्वी आमा, गरिब आमालाई
विकसित पार्ने नीति छ हाम्रो देश र जनतालाई ॥

उठ न दाजु, भाइ र बैनी, आमा र दिदी हो
नसुत अब जोगाउन देश सुतेर हुन्न हो ।
मोर्चा यो हाम्रो बलियो पारौं रोजेर तीन पात
विश्वका सबै नेपालीबीच फैलाऊँ सद्भाव ॥

*(देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाद्वारा सार्वजनिक समारोहहरुमा गाइँदै आएको देशभक्तिपूर्ण गान)*

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

अनुशासन र नैतिकताविहीन व्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैंबाट त्यसको शुरूवात गरौं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ दुर्गालाल केसी

# महिनावारीले पढाइ छुट्छ

डडेल्धुरा । असीग्राम गाविसकी एक किशोरी विद्यालयमै महिनावारी भइन् । नौ कक्षामा पढ्ने ती किशोरीलाई घर फर्कंदा समस्या भयो । कारण थियो बाटोमा पर्ने भागादेउ खोला । पुलमुनि देवताको मन्दिर छ । अब महिनावारी भएका कारण पुल तर्न पाइँदैन । त्यसपछि उनी दुई साथीका साथ खोला तर्न पानीमा पसिन् ।

वर्षात्को समय खोलाको बीचमा पुगेको बेला एक्कासि बाढी आयो । उनीहरू न वारि आउन सके न पारि जान । खोलाबीचको ठूलो ढुङ्गामा चढे । वरिपरि बाढीले घेर्‍यो । धेरैबेर रोइकराइ गरे । कसैले उद्धार गर्न सकेन । गुहार मागिरहेका तीनैजनालाई खोलाले बगाएर लग्यो ।

असीग्राम उमाविमा नौ कक्षा अध्ययनरत असीग्राम- ८ बापुरका मञ्जु देउवा, सावित्रा देउवा र भगवती देउवाको यसरी मृत्यु भयो । कसैको तीन दिन र कसैको एक सातापछि मात्र शव फेला पर्‍यो । विद्यालयबाट घर फर्कने बाटोमा पुलमुनि असीग्राम अर्थात् असिउ देउपाल मन्दिर छ । बाटोमा तीन ठाउँमा मसानी देवताका प्रतीक छन् । ०७१ साउन २९ मा भएको यो घटना छाउपडी प्रथाको क्रूर परिणाम देखाउने एक उदाहरण हो ।

सुदूरपश्चिममा कायम छाउपडी प्रथाले महिलाको ज्यान लिइरहेको छ । कतिपय छाउगोठमा बस्दा यौनहिंसाको सिकार भएका छन् । कति सर्पले डसेर मरेका छन् । भागादेउ खोलामा तीन किशोरीको मृत्यु भएपछि पानी पर्न थाले महिनावारी भएका किशोरी पढ्नै नजाने गरेको असीग्राम अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष गोवदी जोशीले बताइन् । 'मुन्तिर मन्दिर भएकाले पुल तर्न मिल्दैन । खोलामा बगिएला भन्ने डरले अहिले महिनावारी भएका किशोरी पढ्नै जाँदैनन्,' उनले भनिन्, 'कि त जोखिम मोलेर खोला तर्नुपर्‍यो, कि पढाइ नै छोड्नुपर्‍यो । महिनावारीकै कारण एक सातासम्म किशोरीहरूको पढाइ छुट्छ ।'

**'मुन्तिर मन्दिर भएकाले पुल तर्न मिल्दैन । खोलामा बगिएला भन्ने डरले महिनावारी भएका किशोरी पढ्नै जाँदैनन् । यसरी महिनामा एक सातासम्म किशोरीहरूको पढाइ छुट्छ ।'**

यस क्षेत्रमा महिनावारी हुँदा महिलालाई दूध, दहीसमेत खान दिइँदैन । देवता रिसाउँछन्, अनिष्ट हुन्छ भनेर एक सातासम्म महिलाले पोषिलो खानेकुरा खान पाउँदैनन् । देवताको कारण देखाएर अनेक डर हालिदिएपछि महिला आफैँ पनि खान डराउने गरेको असीग्राम-६ स्थित निगरानी समूहकी संयोजक लक्ष्मी नाथले बताइन् । 'दूध, दही खाए देवताले सहँदैनन् । मन्दिरको बाटो हिँडे नराम्रो हुन्छ भन्ने कुरा सुनाएपछि बालिका सानैदेखि त्रसित हुन्छन्,' उनले भनिन्, 'ठूला मानिसले डर भरिदिएपछि सानैदेखि महिलामा देवताको त्रास हुन्छ । दूध, दही पाए पनि खान नसक्ने अवस्था हुन्छ ।'

महिनावारीको समयमा समाजले रोक लगाएको कुनै काम गर्ने साहस महिलामा हुन्न । घरमा कुनै पनि नराम्रो काम भयो भने त्यसको दोष महिलामाथि जान्छ । असीग्राम-८ वडा नागरिक मञ्चकी संयोजक बसन्ती विक भन्छिन्, 'हामीले अटेर गरेर महिनावारीको विभेद तोड्न खोज्यौं भने घरमा कुनै कारणले नराम्रा घटना भएमा यसकै कारण भयो भन्ने दोष आउँछ । अनि महिला डराएर आफैँ पछि हट्ने अवस्था छ ।'

पहिले-पहिले सार्वजनिक कार्यक्रममा समेत महिनावारी भएका महिला छुट्टै बस्ने चलन थियो । त्यही अप्ठ्यारोका कारण सामाजिक सङ्घसंस्थाहरूमा महिलाको सहभागिता न्यून हुने गरेको असीग्राम-७ स्थित निगरानी समूहकी संयोजक टिकेश्वरी भट्टले बताइन् । भट्ट भन्छिन्, ' अहिले हामीले निगरानी समूहमार्फत चेतना जगाउने र नियमित बहस गर्ने गरेपछि यसमा कमी आएको छ । सार्वजनिक काममा पनि महिलाको सहभागिता बढ्दै गएको छ ।' उनका भनाइमा महिनावारी महिलालाई पछि धकेल्ने अस्त्र बनेको छ ।

महिनावारीका समयमा महिला छाउगोठमा बस्नुपर्ने बाध्यता छ । छाउगोठ बस्दा महिला असुरक्षित भएपछि यस्ता गोठ भत्काउने अभियान चलाइयो । कतिपय गाविसलाई छाउगोठमुक्त घोषणा पनि गरियो, तर अझै अधिकांश ठाउँमा घरछेउमै गोठ बनाएर राख्ने गरिएको छ । पहिलेजस्तो घरदेखि टाढा जङ्गलमा गोठ बनाउने चलन त हटेको छ, तर अझै पनि बारीको छेउमा साँघुरा र असुरक्षित गोठ कायमै छन् ।

गोठ भत्काएपछि देवता रिसाएको, घरमा अनिष्ट भइरहेकोजस्ता धार्मिक कारण देखाएर फेरि गोठ बनाउन थालिएको महिला बताउँछन् । देवता रिसाएकै कारण फेरि गोठ बनाएर बसेको आलिताल- ७ रज्यौडा डडेल्धुराकी ३० वर्षीया लक्ष्मी विकले बताइन् ।

महिनावारीको समयमा चर्पी प्रयोग गर्नसमेत कठिन हुने गरेको रज्यौडाकै अगुवा महिला पार्वती विकले बताइन् । 'महिनावारीको समयमा चर्पी पनि छुन नहुने भन्ने बुझाइ छ । 'धामी, झाँक्री भएका घरमा त कि त धामी चर्पीबाहिर कि महिला बाहिर जानुपर्छ,' उनले भनिन्, 'यसले सरसफाइ अभियानलाई समेत प्रभावित गरेको छ । खुला दिसामुक्त गाउँघर बनाउन कठिन भएको छ ।'

डडेल्धुरा जिल्लामै आलितालका महिलाको स्वास्थ्य अवस्था सबैभन्दा जोखिममा रहेको स्वास्थ्य चौकी आलितालका इन्चार्ज धनबहादुर क्षेत्रीले बताए । उनका भनाइमा असुरक्षित प्रसूतिका कारण गत वर्ष आलितालमा मात्रै तीन महिलाको मृत्यु भएको थियो । 'डडेल्धुरा जिल्लाभर ६ आमाको मृत्यु भएकोमा ३ जना आलितालका छन् । पूरै जिल्लाभरको मृत्यु बराबर यहाँको मृत्यु सङ्ख्या छ ।'

खत्रीका अनुसार एक वर्षमा गाविसभर ३ सय ९८ आमा सुत्केरी भएकोमा २ सय ३१ जना मात्र स्वास्थ्य चौकीमा आएका छन् । १ सय ६७ जनाले घरमै सुत्केरी गराएका छन् । अर्थात् गाविसमा अझै ३८ प्रतिशत महिला घरमै सुत्केरी भइरहेका छन् । ५८ प्रतिशत महिलाले मात्रै चारपटक गर्भजाँच गराएको उनले बताए । आलितालमा गर्भावस्था र सुत्केरी अवस्थामा महिलाको स्याहार नगर्दा गर्त वर्ष १४ नवजात शिशुको मृत्यु भएको खत्रीले बताए । 'यस वर्षको माघसम्म चार शिशुको मृत्यु भइसकेको छ । अन्धविश्वासले गर्दा आमा र शिशुको मृत्यु भइरहेको छ,' उनले भने, 'धार्मिक परम्परा र संस्कारका नाममा आमा र बच्चाको ज्यान जोखिममा परिरहेको छ । छाउपडी प्रथाले पनि महिलाको स्वास्थ्य खतरामा परिरहेको छ ।' महिनावारी भएको बेला सुत्केरी महिला पनि सानो बच्चासहित छाउगोठमा बस्न बाध्य छन् । यस्तो अवस्थामा बच्चाहरू उचित स्याहारको अभावमा जोखिममा पर्ने गरेको खत्रीको भनाइ छ । (संचारिका फिचर सेवा)

# बोधिचित्तको प्रयोग र खेती लगाउने विधि

● हेमचन्द्र महतो

बोधिचित्त एक जिजिपस जातीमा पर्ने नयाँ प्रजाति जिजिपस वुद्धेन्सिस हो । यसलाई स्थानीय भाषामा वद्धचित्त वा वोधिचित्त पनि भनिन्छ । बोधिचित्त माला तामाङ समुदाय र विशषगरी तिब्बती तथा चिनियाँ समाजमा धार्मिक एव सांस्कृतिक प्रयोगमा आउने जप गर्ने माला हो । बोधिचित्तका रूख खास गरी पराप्र्व काल देखि काभ्रेका तिमाल क्षेत्रमा मात्र पाइदा रहेछ । यसका प्रयोग र महत्व बार हाल आएर व्यापक चर्चा र उच्च बजार म्ल्यले गर्दा किसान र व्यवसायीलाई अत्यन्त फाइदा भइरहेका छ । बयर प्रजातिका एक प्रकारका हल्का काँडा हुन यो रूखका उत्पत्ति काभ्रेका तिमाल क्षेत्रलाइ मानिन्छ । भारतमा भएका बौद्ध सम्मलेलन पश्चातलोक प्रिय हुन पुगेका बोधिचित्तका माग चीन, ताइवान, कोरिया, सिंगापुर आदि देशमा पनि उच्च नै रहेको छ ।

**प्रयोग :**

यसको फल माला बनाउन तथा सजावटका लागि पनि प्रयोग गरिन्छ भने विरूवा गाई बस्तुका दानाका रूपमा पनि प्रयोग गन सकिन्छ । यसका विरूवाबाट प्रापत फल वा दानाका माला मुख्यतया वुद्ध धर्मावलम्बीहरूले प्रयोग गर्छन । वौद्धिक गुरू दलाइ लामाले पनि आफना प्रार्थनाका समयमा यसका माला प्रयोग गर्न हुन्छ । बौद्ध धर्ममा धेर महत्वका भएका कारणल गर्दा यसलाई नेपाली समाज तथा स्थानीय भाषामा बौद्धचित्त भनेर चिनिन्छ । बोद्धिचित्तका दानालाइ सुख्खा पारिन्छ र मालाका रूपमा परिणत गरिन्छ जुन अहिले अत्याधिक मागका श्रोत हो । यो रूखका फल जति साना भयो त्यत्ति नै महत्वका मानिन्छ किनकि साना दानाहरू ठूलाको तुलनामा धैरै म्ल्यमा विक्रि हुन्छन । भारत, चीन, जापान, सिंगापुर, कोरिया यस विरूवाबाट प्राप्त हुने दानाका माला निर्यात हुने मुख्य देशहरू हुन् ।

काभ्रे जिल्लामा फलेका एक पाथी दाना अर्थात करिब ३.६ देखि ३.९ केजी दानाका म्ल्य रू २५ लाख जति पर्न जान्छ ।

**खेती कसरी गर्ने ?**

बोधिचित्त मालाका विरूवा समशितोष्ण (४०० मि. देखि २३०० मि.) हावापानीमा लगाउन सकिन्छ । नयाँ पालुवा र जरा आउन भन्दा अगाडि रोपिएका विरूवा सप्रिन र राम्रा हुनका साथ छिटो फल्ने हुन्छ । तर पनि उचित हेरचाह गरेमा असार साउनसम्म र हिँउदमा पनि यसलाइ रोप्न सकिन्छ ।

यस विरूवालाइ सौखका लागि ठूला गमलामा पनि आवश्यक मलजल सहित रोप्न सकिन्छ भने जमिनमा धेरै संख्यामा रोप्दा ५/६ मिटरका दुरी कायम गरी रोप्नु पर्दछ । यसका बोटमा रोपेका ३/४ वर्ष देखी दाना फल्न सुरू हुन्छ । रातो माटो र कालो माटोमा यसलाइ राम्रोसंग हुर्काउन सकिन्छ । बलौटे माटोमा पनि यसलाइ राम्रोसंग मलजल र हेरचाह गन सके हुर्काउन सकिन्छ । यसको बोटलाइ तुसारा तथा हुस्स पन जस्ता कुराहरूले खास असर पर्दैन ।



**खेती लगाउने विधि :**

यसको खेतीका निम्ति ठूला खाडल खनेर मल र माटोका मिश्रण राखिन्छ । त्यसपछि नया पालुवा आउन अघिका विरूवालाइ त्यसमा रोपिन्छ । हिँउदका समयमा पानीका राम्रा व्यवस्थापन गर्न सकिन्छ भने हिँउदमा पनि राम्रोसंग यसलाई लगाउन सकिन्छ । स्याहार सुसार राम्रासंग गरेर हुर्काएका विरूवालाई हुर्किसकेपछि त्यत्ति धैरै हेरचाह गर्नु पर्ने हुँदैन ।

**बजार मुल्य :**

बोधिचित्त मालाका बजार म्ल्य यसका प्रकार र आकार अनुसार निर्धारण हुन्छ । हाल फलिरहेका मालाका दानाका प्रकार अनुसार ३ दखि ७ मुख सम्मका म्ल्य प्रति गोटा रू ४ सय देखि ६ लाख सम्म पन जान्छ । त्यस गरी दुइ मुख मालाका भने आकार अनसारका म्ल्य हुन्छ । ७ मिमि का १०८ गेडा वा एक मालाको करिब ६ लाखसम्म पर्न जान्छ भने आकार बढ्दै जाँदा म्ल्य कम हुँद जान्छ । अन्त्यमा सबैभन्दा ठूला साइजका माला भने पाथिमा भरेर २५ हजार देखि ३० हजार सम्ममा बेचिन्छ । बुद्ध धर्म मान्नेहरूका लागि यो माला विशेष मानिन्छ ।

यसको माला दलाई लामाले पनि प्रयोग गर्नु हुन्छ । चिन, जापान, कोरिया, थाइल्याण्ड, तिब्बत, भियतनाम, मकाउ, ताईवान आदि दशहरूमा यसका माग उच्च छ र कम से कम १० वर्षसम्म यसका माग उच्च नै रहनेछ ।

बौद्ध धर्म अनुसार बोधिचित (बोधिः जागृत वा प्रज्वलित, चित्त : मन) भन्नाले ज्ञानले प्रज्वलित भएको मस्तिष्क भन्न बुझिन्छ । बोधिचित्तका प्रयोग गरेर बौद्ध धर्मावलम्बीहरूका निमित्त प्रयोग हुन ब्रास्लेट, जप माला तथा गोटीहरू बनाइन्छ । बोधिचित्तका प्रार्थनामा प्रयोग हुन माला गुरू पद्य सम्भवबाट प्रादुर्भाव भएका मानिन्छ जसले तिब्बतमा वज्रयन बौद्ध धर्मलाइ परिचित गराएका थिए । उनले हाल नेपालका तोम्सुंग कुण्डका गुफामा ध्यान गरेका अवस्थामा यी मालाका सहयोगले विभिन्न मन्त्रहरू जप्न सकिन्छ । प्राय धर्मावलम्बीहरूले यी मन्त्रहरू जप्दै माला घुमाउन थाल्दछ । यसरी माला घुमाउँदा मन र चित्त शान्त पार्न सहयोग गर्दछ । केही मालाहरूमा बोधि चित्तका दानाहरू बाहेक बहुम्ल्य पत्थरहरू, काठ, बीऊ तथा हड्डीका समेत प्रयोग गरिएको हुन्छ । यसमा प्रयोग हुन प्रमुख दानालाइ गुरू दाना पनि भनिन्छ । केही मालाहरूमा केही नियमित अन्तरालमा छुट्ट दानाका प्रयोग गरिएका हुन्छ । जस्तै मालाका २७ औ दाना पछि बहुम्ल्य पत्थर राखिएका हुन सक्छ जस अनुसार मालाका चतुर्थांश पार गरियो भन्ने कुरा थाहा हुन्छ । माला जप्दा गुरू दानाका दाहिने दानाबाट शुरू गरिन्छ जसलाइ चोर औंला तथा बुढी औंलाका बीचमा राखेर घुमाइन्छ । हरेक मन्त्र संग एक दाना अगाडि बढ्छ । हरेक जप पश्चात मनमा शान्तिका भाव पैदा हुन्छ र ध्यान केन्द्रित रहन्छ । तर यसका निमित्त मन्त्र जप्दा दत्तचित्त हुन आवश्यक हुन्छ । या मालाका नियमित प्रयोगले भित्री शक्ति जीवित रहन्छ भन्ने पनि विश्वास गरिन्छ ।

यसका कारणले गर्दा बोधि चित्तका बजार म्ल्य पनि आकासिएको छ । यसको श्रेय धर्म गुरू दलाई लामालाई पनि जान्छ जसले चार वर्ष अघि नेपालमा पाइन बोधि चित्तका दाना विशेष प्रकारका हुन्छ भन्न कुरा बताएका थिए (Global Voices Online) । बोधिचित्तका माला यहाँ किसानहरूले करिब रूपैया पाँच हजारमा विक्रि गर्छन भने त्यही माला तिब्बतमा करिब रू. एक लाख देखि एक लाख पचास हजारसम्ममा विक्रि हुन्छ । खेती कम तथा बजारका माग बढी भएको हुनाले पनि यसका बजार म्ल्य उच्च छ । वैज्ञानिकहरू खेम राज भट्टराइ तथा मित्र लाल पाठकले हाल एक भारतीय लेखमाला **Indian Journal of Plant Sciences** मा प्रकाशित गरेका एक लेख अनुसार नेपालमा पाइन बोधि चित्त एक विशेष प्रजातिका ***Ziziphus budhensis*** को रूख हो । यी अनुसन्धान कर्ताहरूका अनुसार यो बोधि चित्त भनेर चिनिने रूख काभ्रेपलाञ्चोक जिल्लाका केही सिमित क्षेत्रहरूमा मात्र पाइन्छ जुन नेपालका अन्य भागहरू तथा बंगलादेश, भुटान, चीन, भारत तथा पाकिस्तानमा हुर्काइने जिजिपसको प्रजाति भन्दा फरक छ ।

किंवदन्तीहरूका अनुसार ऐतिहासिक बुद्ध शाक्यमुनिले आफ्ना ध्यान पश्चात लुम्बिनी, नमोबुद्ध तथा काभ्रेपलाञ्चोकका तिमाल क्षेत्र यी तीन स्थानहरूमा तीन बोधिचित्तका विरूवाहरू छोडेका थिए । तर यी तीन स्थानहरू मध्येमा तिमाल क्षेत्रमा रहेका बोधिचित्त मात्र राम्ररी हकन पाएका हुनाल यो क्षेत्रमा मात्र बोधिचित्तका संख्या यसरी विस्तारित भएको हो । यो विषयमा अर्का एक किंवदन्ती पनि छ जसका अनुसार आठौ शताब्दीमा तिब्बतमा बौद्ध धर्म विस्तारित गर्न पद्मसंभवल ध्यानका त्रममा काभ्रेका केही क्षेत्रहरूमा बोधिचित्तका रूख छोडेर गएका थिए ।

(स.वन अधिकृत, वन विभाग, बबरमहल, काठमाण्डौ । हाल : स्नात्तकोत्तर (वन विज्ञान) स्कलर, कृ.त.व.वि.वि., हेटौडा)

*(मधेश दर्पण फिचर सेवा)*

कविता

# धुलमाडौं शहर

● प्रेम ओली (ढकलपुरे)



मुख धोएर पठाको छोरो
साँझ घर फर्कंदा नचिनिने भएर आउँछ
सेतै अनुहार, सेतै कपाल
खै कुन कुन पाउडर लाउँछ
काली छोरी पनि फर्कंदा
गोरी भएर पो आउँछे
थाहा छैन उसले पनि बाटोमा
खै कुन पाउडर लाउँछे
धुलमाडौंले अचेल सित्तैमा पाउडर
बाँट्या छ
दुई चार दाम पर्ने पाउडर सित्तैमा बाँडेर
हैन यो सरकारले के गर्न आँट्या छ ?
सबलाई गोरो पारेर
समान बनाउन खोज्या पो हो कि
चुनाव आउन लाग्यो भोट पाउन खोज्या
पो हो कि
आफ्नै घुँडामा आफैं खुँडा हान्ने
यो कुन बाटो रोज्या हो ?

चुनाव त पक्कै होला
यिनी पनि भोट माग्न पनि पक्कै
आउलान्
यस्तै राखे धुलमाडौं
यिनले भोट नपाएर
अरु कसले पो पाउलान् ?
गोरै भइन्छ कि भनी
म पनि यतै आको छु
धन्य छ धुलमाडौं तिमीलाई
म पनि अचेल त
गोरो गोरो पो भाको छु ।

# म र मेरो पुरानो डेरा



प्रकाश चालिसे

मेरो आफ्नै कथा मलाइ नै थाहा छैन ।
अनि मेरो त्यो पुरानो डेरा पनि अहिले त्यहाँ छैन ।

सकस मैले धेरै खाएँ बकस पनि पाएँ।
भारी अझै बोक्दैछु, त्यसैले धन्यवाद धेरै पाएँ

मेरो दुईवटा छोरा छन् आफै आफै घुम्दछन् ।
मेरी एउटी श्रीमती, मलाई खोजिरहन्छिन् ।

रुख चढ्न रहर भो जङ्गल सबै मासिएर
भातै खान गाह्रे भो, महङ्गीले आकाशिएर

एक आना जग्गालाई पचास लाख भन्दछन् ।
गरिव राष्ट्रहरुमा नेपाललाई गन्दछन् ।

उद्देश्य कस्को पवित्र ? यहाँ सोच्न बाध्य छ
धर्मात्मा भन्दा पापीको, गणना यहाँ साध्य छ

कस्तो देशमा जन्मेछु सधैं विरक्त लाग्दछ
कस्तो जीवनमा बाँचेछु, पुरै दिक्क लाग्दछ

देशकै डोरी चुडेको सबैतिर भताभुङ्ग
राजालाई फालेको, अनि सबै लथालिङ्ग

मेरो नाम के हो भन्ने त्यो मलाई सम्झना नै छैन
पाटी पौवा नासी गो दुर्गन्ध बाहेक बाँकी केही छैन

पुल सबै भत्केछन् बाँकी सबै पुलेसा
निर्लज्जा र ढोङ्गी मात्र बाँकी छन्, छैनन् मदर टेरेसा

घाट र तिर्थ पनि बेचियो छैन कतै शिलालेख
दिउँसै हुन्छ मान्छे अपहरण, सुरक्षाकर्मीहरुको देखादेख

पेटी मैले लगाए कम्मर चाही कस्न सकिन
इनार, कुवा सुकी गो, पानी खान पाइन

विचित्रको संसार, माया धेरै नमार
अल्छि त सबैलाई लाग्दछ, लम्पसार नपर ।

# शिक्षा

● दुर्गा राना

दस महिना बसेँ म
कष्ट दिएर आमाको कोखमा
दस धारा दूधले सिञ्चित
मेरो मुस्कान छ ओठमा

लक्ष्मीको स्वरुप छोरी भएर
जन्मिएँ आमा हजुरको काखमा
मन गह्रौं पारी नहिँड्नु होला
बाबा, बदलिसक्यो जमाना ।

बेलैमा खोलिदिनुस् ज्ञानका आँखा
शिक्षारुपी धारिला औजारले
उज्यालियोस् मस्तिष्क प्रज्वलित भई
अन्धकार तोडी शिक्षाको किरणले ।

सक्षमताको अग्राख पलाओस्, यो मेरो जीवनमा
वैशाखी कहिल्यै लिन नपरोस्, दिनुहोस् कामना
पवित्र गंगासरि मन रहोस्, उच्च होस् भावना
अशिक्षित जीवन पशुतुल्य हुन्छ, नभोगोस् यातना ।

घटेर जान्छ यो बल बैंस
त्यसरी विद्या घटेर जाँदैन
आदर्श नीति असर कृति गरौं
नश्वर चोलाले सँगै त लाँदैन ।

# दिल

रमेशचन्द्र बन्धु भट्टराई

एक हजार, दुई हजार धेरै हजार गनें
धेरै लाखमा पाएँ तिम्लाई मैले तिम्लाई चुनें
मनभित्रका कुराहरु देखाउन हुन्न
मुखले भन्या वाचाहरुले कसैको मन छुन्न ।

नौ लाख तारा आकाशका ध्रव तारा एक्लो
तिनै ताराहरुमध्ये म हुँ ध्रुव एक्लो
चन्द्रमाको शीतलताले पनि पोल्दो रैछ
समुद्रको ज्वारभाटाले झनै पोल्दो रैछ ।

एउटै प्राण एउटै ज्यान हुन पाए हुन्थ्यो
निन्दगीमा तिम्रो साथ लिन पाए हुन्थ्यो
फूलको वासना बोटलाई कहिल्यै थाहा हुन्न
निष्ठुरी हौ तिमी मोरी मेरो दिल छुन्न ।

# आधा दशकदेखि अशान्त सिरिया



विष्णु भट्टराई

सिरिया अहिले युद्धको पर्याय बनेको छ। हरेक दिन जहाँ बम, गोला र बारुदहरु बर्सिरहेका छन् । अमेरिका र रुसको स्वार्थका टकरावमा सिरिया थिलथिलो भइरहेको छ । भूमध्यसागरको वायुको प्रभावले अरब भूमि पार गरी मध्य एसिया हुँदै दक्षिणपूर्वी एसियामा हिउँ पार्दै गर्दा त्यही सागरसँग जोडिएको सिरियामा भने अनिश्चितताको कालो बादल मडारिरहेको छ । ध्वस्त हुँदैछन् हरेक सहरहरु । वान कि मुनले एलेप्पोलाई वर्कको पर्याय भनेझैँ सहरहरु नर्क बनिरहेका छन् ।

द्वन्द्व युद्ध र गोलाबारुदले भरिएको सिरिया सभ्यताको केन्द्र हो । एलेप्पो दमास्कस जस्ता सहरहरु विश्व मानव सभ्यताको सुरुवाती स्थानमध्ये हुन् । प्राकृतिक तेलको भण्डारका लागि सम्झिने सिरिया पुरातात्विक धरोहरका लागि पनि त्यत्तिकै कहलिएको छ । भूमध्य सागरको पूर्वी सिमानासँग जोडिएको सिरियाले पश्चिमतर्फ लेबनान र इजरायललाई छुन्छ। उत्तरमा टर्की, पूर्वमा इराक र दक्षिण जोर्डनसँग जोडिएको सिरिया समुद्रतटीय पर्वतमालायुक्त सुन्दर र मनोरम मुलुक हो ।

लोकतान्त्रिक व्यवस्थाका लागि सिरियाली जनता ६ वर्षअघि अरब वसन्तको आन्दोलनसँगै आन्दोलित भए । खासगरी चार दशकदेखि सत्ता चलाइरहेका राष्ट्रपति बसर अल असदविरुद्ध एकाकार भए । सामाजिक सञ्जालको उपयोग गर्दै उनीहरुले आफ्नो सन्देश विश्वभर फैलाए। दमास्कसका सडकहरु 'जनताको इच्छा : निरंकुश शासनको अन्त्य' को नाराले गुन्जायमान भए । शान्तिपूर्ण रुपमा असद सत्ताविरुद्धको आन्दोलन हिंसात्मक बन्दै गयो । असद सरकारले' प्रदर्शनकारीमाथि गोलीको वर्षा गर्‍यो । संकटकालीन कानुन लगाएर प्रदर्शनकारीमाथि गोलीको वर्षा गर्‍यो । संकटकालीन कानुन लगाएर जनताका सबै अधिकार खोसियो । प्रदर्शन र त्यसमाथिको दमन बढ्दै गयो । मारिने र घाइते हुनेको संख्या बढ्दै गयो ।

अरब क्रान्तिको झिल्कोले सिरियामा पनि जनक्रान्तिको आगो दन्दनाइरहेको छ । राष्ट्रपति बसार अल असादको सत्ता बहिर्गमनको माग राख्दै अघि बढेको सिरियाली युद्ध अन्त्यहीन बन्दै गएको छ । सिरियाली विद्रोहीहरुलाई अत्याधुनिक हतियारहरु उपलब्ध गराएर अमेरिका र उसका सहयोगी पश्चिमा देशहरुले सिरियालाई रक्तरञ्जित बनाइरहेका छन् । दुई वर्षदेखि चलिरहेको सिरियाली युद्धमा ७० हजार मानिसहरु मारिसकेका छन् । मारिनेमा वृद्धवृद्धा र केटाकेटीहरु बढी रहेको त्यहाँका अधिकारवादी संस्थाहरुले बताइरहेका छन् । पछिल्लो समयमा सिरियाली विद्रोहीहरुले 'स्याडो गभर्मेन्ट समेत बनाए। त्यसलाई मान्यता दिन अरब लिग अघि सर्‍यो । तर त्यसको औचित्यता नै प्रस्ट हुन सकेको छैन । छायाँ सरकारकै मन्त्रीहरुले राजीनामा दिइरहेका छन् । राष्ट्रपति असादलाई सत्ताच्युत गराउने र अरब जगतमा हैकम जमाउने अमेरिकी मुराद सफल हुन सकेको छैन ।

संयुक्त राष्ट्रसंघका महासचिव वान्की मुनले सिरिया द्वन्द्वको समाधान वार्ताद्वारा खोजिनुपर्नेमा जोड दिँदै आएका छन् । हालैमात्र उनले सिरियाको समस्या समाधानका लागि राजनीतिक उपाय अवलम्बन गर्न आग्रह गरेका छन् । महासचिव पुनले अरब लिगका महासचिव नवील अल अरबी र सिरियाका लागि राष्ट्र संघ र अरब लिगका संयुक्त विशेष दूत अख्तर ब्राहिमीसँग सो अलि गरेका हुन् । सिरियामा करिब ती वर्षदेखि हिंसाको क्रम जारी रहेको नागरिक हत्यामा कुनै कमी नआएकाले जतिसक्दो चाँडो यसको शान्तिपूर्ण निकासका लागि आग्रह गरेका छन् । विद्रोहीहरुलाई हतियार उपलब्ध गराउने अरब लिगको निर्णय लगत्तै मुनले यस्तो अनुरोध गरेका छन् । राष्ट्रसंघको यस्तो चिन्ताले सिरिया युद्ध झनै गहिरिएको बुझ्न सकिन्छ । अमेरिकी स्वार्थका कारण नै सिरियाली युद्धले निकास पाउन सकेको छैन ।

ट्युनिसियाका एक श्रमजीवी मोहम्मद वैआजिजीको मृत्युले उत्तर अफ्रिका र मध्यपूर्वका अरबी मुलुकहरुमा आन्दोलनको आँधीबेहरी सिर्जना गरायो । वैआजिजी ट्युनिसियाका एक सामान्य नागरिक थिए । १७ डिसेम्बर २०१० मा उनलाई ट्युनिसियाली प्रहरीले पक्राउ गर्‍यो । पक्राउ नै गरिनुपर्ने त्यस्तो अपराध पनि गरेका थिएनन् उनले ।

यद्यपि सरकारी गिरफ्तारीमा परे उनी। वैआजिजले बिना लाइसेन्स तरकारी बेच्नु नै सरकारी दृष्टिमा अपराध ठहरियो । ट्युनिसियामा बढ्दो शैक्षिक बेरोजगारी ठूलो समस्याको रुपमा देखापरेको थियो । अनगिन्ती शैक्षिक युवाहरु रोजीरोटीको खोजीमा भौंतारिन बाध्य थिए । बैआजिजी तिनै युवा थिए जो तरकारी बेचेर बिहान बेलुकाको छाक टार्न चाहन्थे । तर उनलाई सरकारले रोजगारीको अवसर त परै जाओस् तरकारी बेचेर गुजारा चलाउनसम्म दिएन । निराश बने वैआजिजी । बाँच्न कठिन देखे उनले ।

सरकारी गिरफ्तारीपछि आफू अपमानित भएको ठाने उनले । हिनताबोधले सताइए उनी । बाँच्नुको कुनै अर्थ देखेनन् उनले न त जीवनको कुनै महत्व । बाँचेर हरेक क्षण भोकभोकै मारिरहनुभन्दा बरु सदालाई एकपटक मर्नु उचित सायद ठाने उनले । निरंकुश शासक गिज्याउँदै सरकारी कार्यालय अगाडि नै आत्मदाहको प्रयास गरे आखिर उनले । ४ जनवरी २०११ म उनले यस धर्तीबाट सदालाई बिदा लिए । उनको मृत्युले ट्युनिसियामा तरकारीका लागि होइन लोकतन्त्रका लागि लड्न लाखौंलाख युवाहरुलाई प्रेरित गर्‍यो । उनको मृत्यु बाँच्नेहरुको आत्मामा तानाशाही शासन विरुद्ध लड्ने अजेय शक्ति भएर जाग्यो ।

शोक शक्तिमा रुपान्तरित भयो । ट्युनिसियाको युवा शक्ति निरंकुश तानाशाही शासनका विरुद्ध सडकमा उत्रियो । वैआजिजीको मृत्यु ट्युनिसियाली शासकलाई मात्र होइन अन्य अरबका मुलुकहरुका लागि समेत महँगो सावित भयो । दशकौं दशकदेखि अरब मुलुकहरुमा निरंकुश कासन चलाउँदै आएका तानाशाहहरुको गद्दी जनआन्दोलनले हल्लाउन थाल्यो। ट्युनिसियाबाट सल्किएको जनआन्दोलनको झिल्कोले पूरै अरबलाई डढेलोमा लपेट्यो । जनविद्रोह दबाउन ट्युनिसियाका राष्ट्रपति बेन अलीले सम्पूर्ण राज्य शक्तिको प्रयोग गरे । तर उर्लंदो जनसागरको भेललाई बेन अलीको सेना र बन्दुकले अवरुद्ध गर्न सकेन । आखिर उनी ट्युनिसियाबाटै भागे । बेन अलीको शासन ढाल्न सम्पूर्ण देशवासी जब उठे र आन्दोलित भए ज्यान बचाउन राष्ट्रपति अली साउदी अरबसँग शरण माग्न बाध्य भए ।

ट्युनिसियामा अलीको निरंकुश शासनको हेर्दाहेर्दै पतन भयो । ट्युनिसियाको जनविद्रोहले इजिप्टबासीलाई पनि आकर्षित गर्‍यो । चार दशक बढीसम्म इजिप्टमा एकछत्र राज गरेका राष्ट्रपति दोस्ती मुवारकका विरुद्ध इजिप्टबासीहरुले विद्रोहको शंखनाद गरे । सेना र पुलिसद्वारा जनउभारलाई निस्तेज पार्ने राष्ट्रपति मुवारकको प्रयास कति पनि कामयावी भएन । आखिर उनी त्यहाँको सेनालाई शासन सत्ता सुम्पिएर सत्ता बहिर्गमन हुन बाध्य भए । होस्नी मुवारकको स्थानमा निर्वाचित राष्ट्रपति छन् अहिले मोहम्मद मोर्सी । इस्लामी ब्रदरहुडका यी नेता इस्लामिक कानुन ल्याउने हुन् कि भनेर इजिप्टबासीहरुले खबरदारी गरिरहेका छन् । न्यायालयसँग उनको टकराव चलिरहेको छ । त्यहाँको शक्तिशाली सेनाले पनि शासनमा आफ्नो भूमिकाको खोजी गरिरहेको छ । इजिप्टमा फेरि अर्को विद्रोह हुने हो कि भन्ने आशंका त्यत्तिकै गरिँदैछ । यद्यपि इजिप्टबासीहरुले धैर्यता प्रदर्शन गरिरहेका छन् ।

ट्युनिसियाबाट उठेको जनविद्रोहको राँको लिबियामा पनि सल्कियो । झन्डै आधा शताब्दीसम्म लिबियाको भाग्यविधाता बनेका कर्नेल गद्दाफीलाई लिबियाली जनताले हिमपाइपभित्र लुक्न



बाध्य बनाए । जनताद्वारा पिटी पिटी दुम्सीझैं मारिए उनी । गद्दाफी युगको अन्त्यपछि लिबिया शान्त छ अहिले ।

शान्तिपूर्ण तवरबाट त्यहाँ संसदीय निर्वाचन भएको छ र त्यहाँको सेनाले निर्वाचित जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गरेको छ । कच्चा तेल र ग्यासको धनी लिबियाले केही समयपछि नै आर्थिक समृद्धि हासिल गर्ने देखिन्छ ।

अमेरिका विरोधीका रुपमा चिनिएका राष्ट्रपनि कर्णेल गद्दाफी जनविरोधी नभएका भए उनको पतन सम्भव थिएन । झन्डै साढे ६ फिट अग्ला अजंग शरीरका धनी गद्दाफी जति अमेरिका विरोधीका रुपमा कहलिए त्यति नै निरंकुश तानाशाहका रुपमा पनि । लिबियाको जनविद्रोहलाई राष्ट्रपति गद्दाफीले सम्बोधन नगर्दा अमेरिकाले रिसइवी साँध्ने मौका पायो र अमेरिकी गठबन्धन सेनाको लगातारको कारबाहीले गद्दाफी शासनलाई ढालेरै छोड्यो । अहिले त गद्दाफीका सहयोगी समेतलाई खोजी खोजी पक्राउ गरिँदैछ ।

मुलुकको शान्ति सुरक्षामा खलल पुर्‍याउने देश विरोधी शक्तिको संज्ञा दिँदै सिरियाली सरकार विद्रोहीहरुमाथि निर्मम दमन चलाइरहेको छ। विद्रोहीहरु सरकारी सैनिक ब्यारेक कब्जा गर्दैछन् भने सरकार हवाई आक्रमणद्वारा विद्रोहीहरुमाथि वम वर्षा गरिरहेको छ । मौका पाउनासाथ विद्रोहीहरुले सैनिक विमान खसाउँछन् भने सरकारी सेना बालक, वृद्ध र विकलांक समेतलाई विद्रोही देख्न थालेको छ र सामूहिक नरसंहार मच्चाइरहेको छ ।

राजधानी दमास्कस र सामरिक दृष्टिले महत्वपूर्ण एप्पेलो सहर सबभन्दा बढी युद्ध प्रभावित बनेका छन् । सरकारी बमबारीले एप्पेलो सहर खण्डहरमा परिणत हुँदैछ । खानेपानीका पाइपसमेत क्षतविक्षत भएपछि सहरमा पानीको हाहाकार मच्चिएको छ । बीसौं हजार नागरिकहरु सरकारी आक्रमणमा मारिएका अधिकारवादी संघसंगठनहरुले जानकारी गराएका छन् ।

सिरियामा शान्ति, स्थापना गर्ने राष्ट्रसंघीय प्रयास पनि असफल बन्दै आएको छ । सिरियाको युद्ध अन्य अरब मुलुकहरुको भन्दा फरक देखिएको छ । सिरिया युद्धमा अमेरिकाको आफ्नै प्रकारको स्वार्थ छ र त्यसलाई पूरा हुन नदिन रुस र चीन एकातर्फ खडा भएका छन् । पटक पटक राष्ट्रसंघीय सुरक्षा परिषद्को बैठकमा भिटो पावर प्रयोग गरेर रुस र चीनले सिरियामा नेटो सेनाको प्रवेशमाथि रोक लगाउँदै आएका छन् । रुस र चीन अनि इरानको समर्थनमा सिरियाली राष्ट्रपति बसर अल असाद सत्तामा टिकिरहेका छन् । सिरियामा सुषुप्त रहेको विद्रोह २०११ मार्चदेखि दन्दनाउँदै आएको छ । देशमा केही नभएझैं राष्ट्रपति असादले सरकारी टेलिभिजन स्क्रिनमा अट्टहास गर्नुले पनि उनी कि त सत्ता कि त सिद्धिने मुडमा रहेको प्रस्ट हुन्छ । सिरियाको जनआन्दोलनप्रति यतिखेर विश्वकै ध्यान केन्द्रित रहेको छ ।

सन् १९६८ मा ब्रिटेनले मध्यपूर्वी एसियामा रुहेका आफ्ना सैन्य अखडाहरु फिर्ता गरेपछि अमेरिका यस क्षेत्रमा पसेको हो । मध्यपूर्वको महत्वबारे अमेरिकाले पहिलेदेखि नै अवधारणा बनाउँदै आएको थियो । तत्कालीन अमेरिकी राष्ट्रपति इसेनहवरले मध्यपूर्वी क्षेत्र रणनीतिक हिसाबले अन्य क्षेत्रभन्दा महत्वपूर्ण छ भनेका थिए । राष्ट्रपति रिचर्ड निक्सनले पनि मध्यपूर्वी क्षेत्रलाई सबै शक्ति राष्ट्रहरुको स्वार्थ ठोक्किने क्षेत्र भन्न पुगे । अर्क ज्वाइन्ट चिफ्स अफ स्टाफका अध्यक्ष जर्ज एस ब्राउनले २० जनवरी १९७७ मा अमेरिकी कांग्रेसका विशेष रिपोर्ट नै पेस गरेका थिए । उनले आफ्नो रिपोर्टमा उल्लेख गरे- यो क्षेत्र यस्तो महत्वपूर्ण करिडोर हो, जसले पूर्वीय गोलार्द्धका तीनवटा महत्वपूर्ण महादेशलाई जोड्छ । यही गठबन्धन कमजोर भए यो क्षेत्र सोभियत संघले शोषण र दमन गर्ने क्रीडास्थल बन्न सक्छ ।

अमेरिका विरोधी जुनसुकै शक्तिले यहाँ नियन्त्रण लिनु भनेको पश्चिमी सैन्य सुरक्षा, आर्थिक सबलता र राजनीतिक स्वतन्त्रतामाथि नै खतरा पर्नु हो । त्यसैगरी अमेरिकी तत्कालीन विदेशमन्त्री हेनरी किसिन्जरले पनि भनेका थिए- मध्यपूर्वी एसिया नीतिको प्रधान उद्देश्य भनेको सोभियत संघको यो क्षेत्रमा हुन सक्ने भूमिका र प्रभाव रोक्नु नै हो । मध्यपूर्व पश्चिम एसियामा अमेरिकी स्वार्थहरुलाई सैद्धान्तिकरण गरेर यिनै अवधारणालाई आत्मसात गरेर अमेरिकाले आफ्नो विदेश नीति तय गरेको छ । सुरुमा हतियार बिक्रीका लागि मध्यपूर्वमा बजारको खोजी गर्‍यो अमेरिकाले । अहिले पनि धेरै अमेरिका समर्थक पर्सियन मुलुकहरुले अमेरिकी हतियारहरु खरिद गर्छन् । अमेरिकी हतियार किन्न होडबाजी नै चलेको छ अरब विश्वमा ।

मध्यपूर्वमा इजरायललाई शक्तिशाली बनाएर अरु अरब राष्ट्रहरुलाई तर्साइरहेको छ अमेरिका । इजरायलको हतियार शक्तिभन्दा आफूहरु कमजोर भएमा इजरायली हमलाको सामना गर्न कठिन हुने विश्लेषण गर्छन् मध्यपूर्वका अन्य राष्ट्रहरु । मिनी अमेरिका इजरायलसँग सुरक्षित रहनका लागि पनि पर्सियन राष्ट्रहरुले अर्थतन्त्रको ठूलो हिस्सा हतियार खरिदमा खर्चिरहेका छन् । मध्यपूर्व अमेरिकाको हतियार बिक्री गर्ने ठूलो एकलौटी बजार हो । अरब विश्वका राष्ट्रहरु नै उक अर्कोप्रति टकराव राख्छन् । इन्धन बेचेर हतियार खरिद गर्ने प्रतिस्पर्धा नै चलेको छ मध्यपूर्वमा ।

इन्धन आपूर्ति पश्चिमा राष्ट्रहरुको अर्को स्वार्थ हो । युरोप र अमेरिका इन्धन आपूर्तिको माग दिनानु दिन बढिरहेको छ । यो बढ्दो इन्धन आपूर्तिको माग अमेरिका र युरोपेली देशहरुले पर्सियन खाडीबाटै पूर्ति गर्दै आएका छन् । मध्यपूर्वमा रुस र चीनको प्रभावलाई कमजोर भएको हेर्न चाहन्छन् अमेरिकी र युरोपेली मुलुकहरु ।

स्वेज नहरलाई उनीहरु आफूले मात्र प्रयोग गर्न चाहन्छन् । यही रुटबाट अरबियन मुलुकहरुको इन्धन अमेरिका र युरोपमा ढुवानी गरिन्छ । यदि यो रुट बन्द हुने हो भने युरोपमा तेल अफ्रिकी मुलुक भएर आपूर्ति गर्नुपर्ने हुन्छ। अफ्रिकी मुलुक भएर इन्धन युरोप लैजाँदा ११ हजार माइल दूरी पार गर्नुपर्छ । जबकि स्वेज नहरबाट लग्दा ६ हजार माइल दूरी मात्र पर्छ । यसले ढुवानी खर्च बचत भइरहेको छ । स्वेज नहर रुट कायम गराइरहन पनि मध्यपूर्वका मुलुकहरुलाई अमेरिका समर्थित बनाउने अमेरिकी ध्येय रहेको छ ।

लिबिया जस्तै मध्यपूर्वको सिरिया अमेरिका विरोधी राष्ट्र हो । अन्य मध्यपूर्वी देशहरुमा अमेरिकाले लगभग आफ्नो प्रभाव कायम गरिसकेको छ । त्यहाँ अमेरिकी समर्थकहरु नै सत्तामा पुगेका छन् । अमेरिकालाई टाउको दुखाई भएका मध्यपूर्वी देशहरु इरान र सिरिया मात्र हुन् । जहाँ क्रमशः मोहम्मद अहमदिनेजाद र बसार अल असाद जस्ता अमेरिकी नीतिका कटु आलोचकहरु सत्ताको नेतृत्वमा छन् । यदि सिरियामा बसार अल असाद ढल्ने हो भने विपक्षीहरुले बनाउने सरकार स्वाभाविक रुपमा प्रो अमेरिकन हुन सक्छ भन्ने विश्वासमा छ अमेरिका ।

मध्यपूर्वी क्षेत्रमा अमेरिकी प्रभुत्व कायम हुनु भनेको इजरायलको राष्ट्रिय अखण्डता र सार्वभौमिकताको रक्षा गर्नु हो । अमेरिकामा उललेख्य मात्रामा बलियो यहुदी समुदाय छ। यो समुदायको अमेरिकी बजारमा शक्तिशाली उपस्थिति रहेको छ । यही समुदायको दबाबमा जुनसुकै अमेरिकी सरकारले पनि इजरायललाई सुरक्षाको प्रत्याभूति दिने गरेको छ । इजरायल दुनियाँको एक्लो यहुदी राज्य हो । मधयपूर्वमा इजरायल विरोधी मुस्लिम राज्यहरु बढिरहेका छन् । तीमध्ये सिरिया पनि एक हो । जुनसुकै पनि बेला सिरिया इजरायलको राष्ट्रिय सुरक्षाका निम्ति खतरा हुन सक्छ । यही कारण अमेरिका बसार अल असाद नेतृत्वको सरकारलाई सिरियामा विस्थापित गराउन लागिपरेको छ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### महँगो कुकुर




भारतको जयपुर सहरको दशहरा मैदानमा गत शनिबार केनल क्लब राजस्थानले एउटा कुकुर प्रदर्शनीको आयोजना गरेको थियो । उक्त प्रदर्शनीमा देश विदेशका विभिन्न ४० नश्लका २ सय भन्दा धेरै कुकुरहरु सहभागी भएका थिए । त्यसमा तिबेतियन मस्टिफ नश्लको एउटा कुकुर पनि थियो। यसको मूल्य २५ देखि ५० करोड रुपैयाँ सम्म पर्दछ ।

दिल्लीबाट ल्याइएको उक्त कुकुर चीनमा लिलामीद्वारा किनबेच हुने गरेको छ । यो कुकुर जति महंगो छ यसलाई पालन पोषण गर्न पनि उत्तिकै महँगो पर्छ । यो कुकुरलाई चौबिसै घण्टा एसीमा राख्नुपर्दछ। त्यस्तै दुई हप्तामा एक पटक स्पा गराउनु पर्दछ । यो कुकुरका लागि खानेकुरा जर्मनीबाट मगाइन्छ भने बदाम इरानबाट । यो कुकुर अधिकतम ३२ इन्च लम्बाइको हुन्छ र वजन ७० देखि ८० किलोसम्म ।


### निमको रूखबाट बियर

रुखले हामीलाई ताजा अक्सिजनका साथै फलफूल तथा घाँस दिन्छ। तर के कुनै रुखले बियर दिएको सुन्नुभएको छ ? रुखबाट खोँटो निस्किएको त सुनिएकै हो, तर भारतमा भने एउटा निमको रुखबाट बियर निस्किरहेको छ । राजधानी नयाँ दिल्लीको दिल्ली युनिभर्सिटीस्थित नर्थन क्याम्पसमा



रोपिएको एक निमको रुखबाट बियर निस्किरहेको छ । केही समय पहिले देखिनै उक्त रुखबाट बियर जस्तै स्वाद आउने पदार्थ निस्किरहेको थियो । उक्त पदार्थ पिउँदा बियर पिए जस्तै नशा लाग्ने बताइएको छ । दिल्ली विश्वविद्यालयको हाताभित्र रहेका कारण बियर उत्पादन गर्ने उक्त रुख हेर्न विद्यार्थीहरुको भिड हुने गरेको छ। यो रुखले दिनमा १० लिटर जति बियर उत्पादन गर्ने गरेको छ।

### जिब्रोले पंखा रोकेर कीर्तिमान



हजार जिब्रोहरु भएका शेषनागले समेत वर्णन गर्न नसक्ने गाथाको विषयमा पुराणहरुमा कथा आउँछ । अर्थात् हजार जिब्रा हुँदा समेत जाबो वर्णन गर्ने काम अर्थात् भटटट बोल्ने काम गर्न नसकिँदो रहेछ। तर यहाँ एकजना महिलाले भने आफ्नो एउटै जिब्राले जोडसँग घुमिरहेको पंखा नै रोकिदिएकी छिन् । अष्ट्रेलियन सर्कस खेलाडि जो इल्सको जिब्रो सायद दुनियाको सबैभन्दा शक्तिशाली जिब्रो हो । सो शक्तिशाली जिब्रोको सहायताले उनले लरतरो मानिसले हातले समेत गर्न नसक्ने काम गरेर देखाइदिएकी छिन् ।

उनले पूर्ण रफ्तारमा चलिरहेको ३५ वाटको पंखालाई आफ्नो जिब्रोले रोक्न सक्छिन् । उनले एक मिनेटमा ३२ पटकसम्म जिब्रोले पंखा रोक्न सक्छिन् । यसो गरेर उनले आफ्नै पूरानो रेकर्ड तोडेकी छिन् । त्यसअघि उनले एक मिनेटमा २० पटकसम्म पंखा रोकेकी थिइन् । उनले ६० सेकेण्डमा २५ वटा मुसा पक्रिने मेसिन पनि जिब्रोले नै खोलेर किर्तिमान कायम गरेकी छिन् ।

### बिहेपछि तीन दिनसम्म ट्वाइलेट जान नपाइने

यो दुनियामा संस्कार पनि कस्ता कस्ता ? हुँदा हुँदा बिहे गरेपछि ट्वाइलेट नै जान नपाइने । इण्डोनेसियाको टिडन्ग नामक आदिवासी समुदायमा यस्तो विचित्रको परम्परा कायम छ । उक्त समुदायमा बिहे गरेको तिन दिनसम्म बेहुला बेहुलीलाई शौचालय जाने अनुमति दिइँदैन ।

सुन्दा निकै अनौठो, अप्रिय तथा कष्टकर लाग्दछ । तिन दिनसम्म ट्वाइलेट जान नपाउँदा भर्खर बिहे गरेका लोग्नेस्वास्नीको हालत के होला ? दया लागेर आउँछ । तर आखिर रितिरिवाज न भयो, सबैले मान्नैपर्ने । बिहेपछि नौला दुलाहा दुलहीले ट्वाइलेट नै बार्नुपर्ने यो संस्कारका पछाडि केही कारण रहेछन् । बिहेको तिन दिनसम्म यदि बेहुला बेहुलीले घरको ट्वाइलेट प्रयोग गरेमा भाग्य बिग्रिने र बिहे धेरै नटिक्ने, कुनै अप्रिय घटना हुने वा कसैको मृत्यु हुन्छ भन्ने धारणा छ ।

ट्वाइलेट जान नपाउने भएपछि नयाँ बेहुला बेहुलीलाई बिहेको तिन दिनसम्म खानेकुरा पनि कम दिइन्छ । तिन दिनपछि यो परम्परा पूरा भएसँगै बेहुला बेहुलीले नुहाइधुवाइ गर्दछन् र आफ्नो नयाँ जिन्दगीको सुरुवात गर्दछन् ।

### १ करोड १२ लाखमा बिक्यो टाइटानिकको चाबी

सामुद्रिक दुर्घटनाको इतिहासमै अहिलेसम्मकै ठूलो दुर्घटनाको रुपमा रहेको टाइटानिक जहाज दुर्घटनापछि समुद्रबाट यसका कैयन् अवशेषहरु बाहिर निकालिसकिएको छ । सन् १९१२ मा दुर्घटनाग्रस्त भएको टाइटानिक जहाजको एउटा चाँबी हालै लिलाम भएको छ ।


टाइटानिक जहाजको लाइफ ज्याकेट राख्ने लकरको उक्त चाँबी ८५ हजार पाउण्ड अर्थात् झण्डै १ करोड १२ लाख रुपैयाँमा लिलाम भएको हो । बेलायतको डेभाइजेजमा भएको लिलामीका क्रममा टाइटानिकको उक्त चाँबीसँगै अन्य विभिन्न सामानहरु पनि बिक्रि भएका थिए ।




लिलामीमा विश्वभरका कैयन् दिग्गजहरु उपस्थित थिए । उक्त चाँबीको मूल्य ५० हजार पाण्ड सम्म पर्ने अनुमान गरिएको थियो तर क्रेताले त्यसभन्दा धेरै बोली लगाएर टाइटानिकको चाँबी किने । टाइटानिकमा यात्राका क्रममा उक्त चाबी तथा लाइफ ज्याकेटको उक्त नम्बरको बाकस बेलायतको साउथह्याम्पटनका २३ वर्षीया सिड्नी शेडनरीले प्रयोग गरेका थिए । शेडनरीको टाइटानिक दुर्घटनामा मृत्यु भयो ।

### मृत्यु टापु

विश्वमा केही यस्ता ठाउँहरु हुन् जो साँच्चीकै भयानक हुन्छन् । धर्तीका ती ठाउँहरु यति भयानक तथा खतरनाक हुन्छन् की त्यहाँ गैसकेपछि मानिसहरुको बाँच्ने सम्भावना कम हुन्छ । यस्तै एउटा टापु इटालीमा छ ।



आइल्याण्ड अफ डेड भनिने प्रोवेग्लिया टापुमा सन् १९२२ मा मानसिक अस्पताल बनाइएको थियो । तर यस अस्पतालमा काम गर्ने डाक्टर तथा नर्सहरुले प्रायः केही असामान्य चिजहरु देख्न थालेपछि त्रासका कारण अस्पताल बन्द गरियो । कैयन् वर्षसम्म उक्त अस्पताल बन्द नै रह्यो ।

अफ ट्र्याक प्लानेट डट कमका अनुसार सन् १९६० मा इटाली सरकारले उक्त टापुलाई बेचिदियो । उक्त टापु खरीद गर्ने मानिस आफ्नो परिवार सहित टापुमा बस्न थाले । एक दिन उक्त टापुका मालिककी छोरीको मुखमा कसैले टोकिदियो । उनलाई शल्यक्रिया गरी १४ वटा टाँका लगाउनुपर्यो ।

तत् पश्चात उक्त टापुमा यस्ता अनेकन घटना भैरहे । डरलाग्दा तथा रहस्यमय घटना भैरहेपछि सरकारले उक्त टापुमा जान प्रतिबन्ध लगायो । १२० वर्ष पहिले उक्त टापुको प्रयोग प्लेगबाट ग्रस्त मानिसहरुको गरिन्थ्यो । प्लेगरोगीलाई त्यहाँ लगेर छाडिन्थ्यो, ता की अन्य मानिसहरुमा त्यो रोग नफैलियोस् ।

त्यसपछि उक्त टापु अन्य प्राणघातका रोगका रोगीहरुका लागि पनि प्रयोग गरियो । रोगबाट मरेका मानिसहरुको लास पनि त्यहीँ गाडिन्थ्यो । तर एक पटक उक्त टापुमा रोगीहरुको संख्या १ लाख ६० हजार पुग्यो । त्यसपछि त्यहाँको क्रुर सरकारले रोगीहरुलाई ज्यूँदै जलायो ।

रोगीहरुलाई राख्ने तथा मार्ने ठाउँको रुपमा प्रयोग गरिएको हुनाले पनि उक्त ठाउँ संक्रमित रहेको र मानिसहरु गएपछि विभिन्न रोगले आक्रमण गरेर मानिसको मृत्यु हुने गरेको बताइन्छ । त्यसैले सरकारले त्यहाँ जान प्रतिबन्ध लगाएको छ ।

### १४ वर्षमै प्राध्यापक


बेलायतको लेचेस्टर युनिभर्सिटीमा १४ वर्षका एक मुस्लिम किशोर गणित विषयका प्राध्यापक बनेका छन् । याशा एस्लेलाई विश्वविद्यालयले भिजिटिंग प्रोफेसरको रूपमा छनोट गरेको छ । समाचार अनुसार एस्लेले विश्वविद्यालयमा गणित विषय बढाउनुका साथै आफैले पनि पढिरहेका छन् र डिग्री हासिल गरिरहेका छन् । उनी उक्त विश्वविद्यालयका सबैभन्दा कम उमेरका छात्र तथा सबैभन्दा कम उमेरका प्राध्यापक पनि बनेका छन् । गणितमा उनको अविश्वसनीय ज्ञान तथा क्षमता देखेर सबैले उनलाई मानव क्याल्कुलेटर भन्छन् ।

याशाका पिता मूसा एस्लेले उनलाई दिनहुँ कारमा राखेर विश्वविद्यालय पूराउँछन् । उन छोराको उक्त उपलब्धीमा गर्वित छन् । याशा आफ्नो डिग्री कोर्स पूरा गर्ने चरणमा छन् र त्यसपछि उनले विद्यावारिधी गर्नेछन् । बालक प्रोफेसर याशा एस्लेले आफ्नो लागि यो वर्ष सबैभन्दा उत्कृष्ट वर्ष रहेको बताउँछन् । आफुलाई जागिर पाउनु भन्दा पनि अरु विद्यार्थीहरूलाई सहयोग गर्न पाउँदा खुसी लाग्ने उनको भनाई छ ।

*एजेन्सीहरुबाट*

प्रेरक

## राष्ट्रपतिको इच्छा



राजेन्द्रप्रसाद स्वतन्त्र भारतका प्रथम राष्ट्रपतिमा निर्वाचित भए । उनलाई राष्ट्रपति निवास लगियो । निवासमा राष्ट्रपतिका लागि आवश्यक सम्पूर्ण सामानहरू राखिएका थिए । सजिसजाव बैठक कोठा देखाइएपछि उनलाई सुत्ने कोठामा पुऱ्याइयो । राष्ट्रपतिका लागि अत्यन्त आकर्षक पलङ राखिएको थियो । राजेन्द्रप्रसादले पलङ छोए । पलङ होचो भयो । उक्त पलङ स्प्रिङवाला थियो जसलाई होचो अग्लो बनाउन सकिन्थ्यो । राष्ट्रपतिले प्रश्न गरे– किन मेरा लागि यस्तो महँगो पलङ ? भारतीय जनता काठको खाट पनि नपाएर डोरीको खाट र भुइँमा सुत्न बाध्य छन् । म जनता बीचकै आम मान्छे न हुँ । म कसरी यस्तो ऐयासी पलङमा सुत्न सक्छु ? यो पलङ हटाउनोस् र काठको खाटको व्यवस्था गर्नोस् ।' राष्ट्रपति सुत्नका निमित्त काठको खाट मगाइयो ।

**रातो पुल मैतीदेवीस्थित १५ आना १ पैसा क्षेत्रफलमा रहेको २ तले घरसहितको जग्गा बिक्रीमा ।**

सम्पर्क : ९८५१०२३६७०

**दलालले कष्ट नगरिदिनु होला**

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व हातलागी हुने समय छ । सहयोगीहरू जुट्नाले आँटेका काम पनि सजिलै सम्पादन हुनेछन् । कामको लगावले लोकप्रियता हासिल गर्न सकिनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
आफ्ना सूचना बाहिरिनाले समस्या पर्न सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । सामान्य काममा धन र श्रम खर्चनुपर्ला । पहिले बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्दा केही फाइदा उठाउन सकिनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
धेरैको मन लोभ्याउने प्रगति हासिल हुनेछ । रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ । व्यापारमा लाभ लिने समय छ । विभिन्न भौतिक साधन प्राप्त हुनेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त होला । व्यवसायले यात्रा गर्ने अवसर दिलाउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । ईर्ष्या गर्नेहरूले हार खानेछन् । व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनतर्फ ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । बेसुरमा बोल्ने बानीले दुःख पाइनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । काम बिग्रने डरले सताउनेछ । साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला । पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । आमाको सहयोगले काम बनाउन सकिनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)**
छोटो समयमा राम्रै उपलब्धि हातलागी हुनेछ । स्रोत(साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा विवाद आउन सक्छ । मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ । ईर्ष्या गर्नेहरूले सताउलान् । पहिलेकै काम दोहोर्याउनुपर्नेस्थिति आउन सक्छ । अध्ययनमा समय दिन नसकिएला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
विभिन्न अवसर आए पनि हठात् निर्णय गर्दा समस्या देखिन सक्छ । स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ने बेला छ । भेटघाटमा अलमलिनाले चिताएका काममा बाधा पुग्नेछ । आश्वासन दिनेहरूले झुक्याउन सक्छन् । रमाइलो जमघटको आनन्द लिनबाट वञ्चित भइएला । मौकाको फाइदा उठाउन नसकिएला । आफ्ना कमजोरी सार्वजनिक हुन सक्छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुने समय छ । धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
लाभको अवसर मिले पनि तत्काल फाइदा लिंदा भविष्यमा नोक्सान हुने देखिन्छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ला । मेहनतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्, सजग रहनुहोला । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । प्रयत्न गर्दा पछि फाइदा हुने काम प्रारम्भ हुनेछ

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । नोकरीमा चिनजानका माध्यमले फाइदा दिलाउनेछ । कृषि तथा व्यापारमा पनि मनग्य लाभ लिने समय छ ।

## "ग्याङस्टार ब्लुज" को सुटिङ सकियो



युवापुस्ताको कथालाई उठान गरिएको आना शर्मा र आशिरमान देशराज स्टारर फिल्म 'ग्याङस्टार ब्लुज'को सुटिङ सकिएको छ । नेपालगञ्जमा करिब ६० दिन भएको सुटिङ सकाएर फिल्म टोली काठमाडौँ फर्किएको हो । हेमराज बिसीको निर्देशनमा बन्न लागेको फिल्मलाई सरोज न्यौपानेले निर्माण गर्दैछन् । भदौ २ गते प्रदर्शनको तयारीमा रहेको फिल्मको पोस्ट प्रोडक्सनको काम केही दिनमा सुरु हुने चलचित्रका निर्माता न्यौपानेले बताए । फिल्ममा संयम पुरी, रोजिशा शाही, प्रमोद अग्रहरी लगायतका कलाकारको पनि अभिनय छ ।

## बंगला च्यानलमा नेपाली गीत

जी टीभीको बंगला च्यानलमा प्रसारण हुने सारेगमप कार्यक्रममा दुई कलाकारले नेपाली गीत गाएका छन् । 'कान्छी हे कान्छी', 'सिम्पल सिम्पल कान्छीको', 'मायालु मायालु तिम्रो माया मेरो मनमा छ', बोलको गीत एक कलाकारले गाएका छन् भने अर्को कलाकारले बलीउडको चर्चित गीत गाएका छन् । बंगला च्यानलको फेसबुक पेजमा अप्लोड गरिएको उक्त भिडियोले अहिले निकै नै तहल्का मच्चाइरहेको छ ।

## चर्चा बटुल्दै घामपानी



अन्तरजातीय प्रेमकथा र युवाहरुको संघर्षको कथा उठाइएको चलचित्र घामपानी यहिले चर्चाको शिखरमा रहेको छ । शुक्रवारबाट प्रदर्शनमा आएको चलचित्रले दुई दिन शुक्रवार र शनिवार मात्रै करोड माथीको व्यवसाय गरिसकेको थियो भने आइतवार र सोमवार पनि दर्शकको उत्साहजनक उपस्थिति रहेको थियो । गहिरो विषयलाई सरल र सहज तरवरले प्रस्तुत गरिएको चलचित्रले नियमित दर्शक देखि बौद्धिक वर्गलाई खुशिपार्न सफल भएको चलचित्रमा दीपेन्द्र लामाको निर्देशन रहेको छ । दयाहाङ राई, केकी अधिकारी, अंकित खड्का, प्रकाश घिमेरे, पुष्कर गुरुङ र बुदि तामाङलगायतको मुख्य भूमिका रहेको चलचित्र देशभरका ७० भन्दा बढी पर्दामा एकैसाथ प्रदर्शनमा आएको छ ।

## "जालो" को टिजर रिलिज

नेपाली फिल्म 'जालो' को टीजर रिलिज भएको छ । जेठ १९ मा रिलिज हुने यो फिल्म दुई घण्टामा छायांकन भएको थियो ।

वन सटमा खिचिने विश्वकै लामो चलचित्रको रुपमा विश्व रेकर्ड राख्ने उद्देश्यका साथ बनेको 'जालो' दुई घण्टामा खिचिएको भए पनि यो चलचित्रमा गीत तथा द्वन्द्व समेत छन् । अराज केशव निर्देशित 'जालो' मा अनुपविक्रम शाही, मेनुका प्रधान, मुना गौचन, प्रकाश श्रेष्ठ, नीर शाह, रेमनदाश श्रेष्ठ, निराजन प्रधान, मुक्ताराम आचार्य, भिष्म जोशीको मुख्य भूमिका रहेको छ ।

हरि लामाको छायांकन रहने चलचित्रलाई बनिश शाहले सम्पादन गरेका छन् । चलचित्रलाई अराज केशव र मोहित मुनालले संयुक्त निर्माण गरेका छन् । चलचित्रले विश्व रेकर्ड राख्नको लागि भने चलचित्र प्रिमियर हुनुपर्ने प्रावधान छ । चलचित्र रिलिज अगावै प्रिमियर गरी विश्व रेकर्ड राखिने बताइएको छ ।

## कलाकार क्षेत्रीलाई बेलायतबाट सहयोग



लामो समयदेखी बिरामी कलाकार दिपक क्षेत्रीलाई संसारभरबाट उपचार सहयोग रकम आउने क्रम जारी छ । यसै क्रममा यूकेमा बसोबास गर्ने नेपाली समुदाय तथा क्षेत्री समाज यूकेबाट तीन लाख रुपैयाँ सहयोग रकम प्रदान भएको छ । सोमबार काठमाण्डौमा क्षेत्री समाज यूकेका पूर्व अध्यक्ष प्रेम खड्काको हातबाट बिरामी कलाकार क्षेत्रीलाई हस्तान्तरण गरियो । सञ्चारमाध्यममा बिरामी कलाकार दीपक क्षेत्रीको अन्तर्वार्ता प्रसारण भएपछि संसारभरका नेपालीहरुबाट सहयोग आइरहेका छन् । चलचित्र पत्रकार संघ नेपालले आर्थीक संकलन गर्दै क्षेत्रीको उपचारको पहल गरिरहेको छ । त्यस्तै, संसारभरका नेपालीहरुले आ(आफ्नै तवरले अभियान चलाइरहेका छन् । क्षेत्रीको उपचार सुरु भइसकेको छ ।

## भारतीय अपमानविरुद्ध हमाल

राष्ट्रपति विद्यादेवी भण्डारी यतिबेला भारतको राजकीय भ्रमणमा छिन् । तर, राष्ट्रपति भारतको अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिए लगतै उनलाई पहिलो गाँसमै ढुंगा लागेको छ । राष्ट्रपतिको स्वागतका लागि भारतकी राज्यमन्त्री एक हातमा मोबाइल बोक्दै विमानस्थल पुगेपछि यसले चर्को आलोचना भोगिरहेको छ । केही समयअगाडि भारतका राष्ट्रपति प्रणव मुखर्जी नेपाल आउँदा नेपालले २ दिन बिदा मात्र दिएको छैन, राष्ट्रपतिलाई स्वागत गर्न राष्ट्रपति विद्यादेवी भण्डारी आफैँ विमानस्थल पुगेकी थिइन् ।

राष्ट्रपतिको अपमान भएको भन्दै सामाजिक संजालमा पनि चर्को टिप्पणी भैरहेको समयमा नेपाली चलचित्रका चर्चित नायक राजेश हमालले पनि फेसबुकमा स्टाटस लेख्दै आक्रोश पोखेका छन् । उनले लेखेका छन्- 'जब सार्वभौम र स्वतन्त्र राज्यको सरकारले यसको स्थान समान रुपमा देखाउन सक्दैन, तब यस्तो परिणाम आउँछ । तर, कृपा पात्रको रुपमा व्यवहार गर्छ । हाम्रो सरकार र नेतृत्वले अन्तर्राष्ट्रिय जगतमा छवि कलंकित मात्र पारेको छैन, स्वतन्त्र र सार्वभौम राज्यको नागरिकको गर्व पनि ध्वस्त पारेको छ । सरकारलाई त लाज हुनुपर्ने हो ।'

*(अनलाइनहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Voyeur = लुकीछिपी हेर्ने व्यक्ति They called Gopal a voyeur as they found him aiming at the bedroom of the neighbours by the binaculars. (दुर्बिनले छिमेकीको घरको सुत्ने कोठाभित्र हेर्न खोजेको देखी तिनीहरूले गोपाललाई लुकीछिपी हेर्ने व्यक्तिको रुपमा दर्ज गरे)

Wrath = क्रोध She turned wrath as she was paid much less than she had expected (आशा गरेको भन्दा धेरै थोरै पाएकोमा तिनी क्रोधित बनिन्)

Appease = कसैलाई केही दिएर शान्त पार्नु, फुल्याउनु She always tries to appease her baby by giving toys (तिनी सधैं आफ्नो बच्चालाई खेलौना दिएर फुल्याउन खोज्छिन्)

Broach= समावेश गर्नु Many political parties opposed the government as it decided to broach religion in the school curriculum (विद्यालयको पाठ्यक्रममा धर्मलाई समावेश गर्ने सरकारी निर्णयको सबै विपक्षीहरूले विरोध गरे)

Contrite = ठूलो गल्ती गरेकोमा पछुताउनु She was contrite the entire week after she behaved very badly with her husband (आफ्नो लोग्नेसँग नराम्रो व्यवहार गरेकोमा तिनले पुरै हप्ता पछुताइन्)

Disinterested = तटस्थ, निस्वार्थी The only disinterested people if work keeping in mind the professional ethics are journalists (पेसागत धर्मलाई साक्षी राखी काम गर्दछन् भने पत्रकारहरू जस्तो तटस्थ र निस्वार्थी अरु कोही हुन सक्तैन)

Exult = रमाइलो गर्नु We should exult if our team won the match (हाम्रो टिमले म्याच जित्यो भने हामीले रमाइलो गर्नु पर्दछ)

Fruition = प्राप्ति, उपलब्धि, फल The completion of the project marks the fruition of our hard work (यो योजनाको सफल कार्यान्वयन हाम्रो कडा परिश्रमको फल हो )

Gustatory = स्वादिलो The gustatory menu of this restaurant has attracted many costumers (यो रेस्टुराँको स्वादिलो खानाको सूचीले गर्दा धेरै उपभोक्ताहरू यस रेस्टुराँप्रति आकर्षित भएका छन्)

Holocaust = आगजनीबाट भएको क्षति The city was totally destructed by the holocaust (पूरै सहर आगजनीबाट ध्वस्त भएको थियो)

# सामान्य ज्ञान प्रश्नोत्तरहरू

मलेरिया रोग फैलाउने लामखुट्टे एनाफिलिजको कतिवटा प्रजातिहरू छन् ? • ३६४

अन्तरिक्ष यात्रलाई मंगलग्रहमा पुग्नको लागि कति दिन लाग्छ ? • ३५० दिन

कुन जनावरको रगत खाएपछि छिटो दौडन सकिन्छ ? • गाईको रगत

पृथ्वीबाट मंगलग्रहको दूरी कति लामो हुन्छ ? • ४० करोड माइल

विश्वमा प्रति वर्ष कति टन कार्बनडाइअक्साइड उत्पन्न हुन्छ ? • करिब २००० करोड टन

कुन देशले कपडामा अखबार प्रकाशित गर्छ ? •स्पेन

१९८८ को गान्धी विश्व शान्ति पुरस्कार पाउने व्यक्ति को हुन् ? • रोनाल्ड रेगन (अमेरिका)

गर्भावस्थामा शिशुलाई हृदय रोग छ कि छैन पत्ता लगाउनमा सफलता प्राप्त गरेको देश कुन हो ? • क्यालिफोर्निया

अन्तरिक्षको फोहोरमैला सफा गर्नका लागि उपग्रह बनाउनमा सफल भएको व्यक्ति को हुन् ? • डा. कुआर रामोहाली

पौडी खेलेर सबभन्दा कम उमेरमा इग्लिस चैनल पार गर्ने व्यक्ति को हुन् ? • ग्रेगरी टामस, ब्रिटेनी

भारतकी पहिलो महिला बोइङ कप्तान को हुन् ? • कु.सौदामिनी देशमुख

विश्वमा सबभन्दा बढी पुस्तक पढ्ने व्यक्ति को हुन् ? • एलेक्जेन्डर डानीलीव ६० वर्ष

पेसा कुन देशको राष्ट्रिय मुद्रा हो ? • चिली

गिफ्ट अफ द नाइल कुन देशलाई भनिन्छ ? • मिश्र

पेरिस्कोप भनेको के हो ? • पानीभित्र स्पष्ट देख्न सकिने उपकरण

नाट के नाप्ने इकाइ हो ? • समुद्री जहाजको गति

बैलाहा कुकुरले टोकेको औषधि पत्ता लगाउने व्यक्ति को हुन् ? • डा. लुई पाश्चर

कहिले पनि नजल्ने खनिजको धागोलाई के भनिन्छ ? • एस्बेस्टाँस

कुन ठाउँमा सूर्यलाई २४ घन्टा देख्न सकिन्छ ? • उत्तरी ध्रुव (समय २१ मार्चदेखि २३ सितम्बरसम्म)

चिलब्लेन भनेको के हो ? • एक प्रकारको चिलाउने रोग

# फरक थाहपाई राख्नुहोस

Actuate= परिचालित हुनु, प्रेरित हुनु Actuated by greed, he committed corruption (लोभले प्रेरित भई उसले भ्रष्टाचार गऱ्यो)

Activate = सक्रिय बनाउनु It is very difficult to activate this group (यो समूहलाई परिचालन गर्न धेरै गाह्रो छ)

Actual वास्तविक I do not know his actual name (मलाई उसको वास्तविक नाम थाहा छैन)

Adapt = परिस्थितिसँग मिल्नु You must adapt yourself with the situation (तिमी परिस्थितीसँग घुलमिल भएर रहनै पर्दछ)

Adept = सिपालु She is adept in dancing (तिनी नाच्नमा सिपालु छिन्)

Adopt ग्रहण गर्नु । मान्नु । स्वीकार्नु I shall adopt your proposal म तिम्रो प्रस्तावलाई स्वीकार्छु

Adduce = प्रस्तुत गर्नु The speaker adduced three reasons for his action (सभामुखले कारबाही गर्नुको पछाडि तीन कारणहरू प्रस्तुत गरे)

Deduce = निर्क्योल निकाल्नु । फैसला गर्नु The jury deduced that the accused was not guilty (न्यायाधीशहरूको संयुक्त बेन्चले आरोप लागेको व्यक्ति निर्दोष नभएको निर्क्योल निकाल्यो)

Abjure = आस्था त्याग्नु Nowadays there is a tendency to abjure one's religion (आजकाल आफ्ने धर्म आफैं त्याग्ने प्रवृत्ति पाइन्छ)

Adjure = गम्भीर रुपमा अनुरोध गर्ने वा निर्देशन दिने He adjured me to tell the truth before the court (उसले मलाई अदालतको अगाडि सबै सत्य बकदिन गम्भीर अनुरोध गऱ्यो)

Admission = प्रवेश । भर्ना Today is the last day of admission (आज भर्ना गर्ने अन्तिम दिन हो)

Admittance = प्रवेशको अनुमती Smokers can have no admittance here (धुम्रपान गर्नेहरूको लागि यहाँ प्रवेश छैन )

## सुडोकु-अंक ४९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | ६ | ७ | | | ३ |
| | | | | १ | | | | |
| | ९ | ८ | २ | | ४ | | | |
| | | | ७ | | | | | |
| | | | ४ | | | | ८ | ५ |
| ५ | | | | | ३ | | ६ | |
| | ५ | | | | | ४ | ७ | |
| | | | | | | | ३ | |
| | ४ | २ | ८ | | | १ | ५ | |

## अंक ४८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ५ | ८ | १ | २ | ३ | ६ | ९ | ७ |
| ६ | ३ | २ | ७ | ९ | ५ | १ | ८ | ४ |
| ९ | ७ | १ | ४ | ६ | ८ | ५ | २ | ३ |
| ३ | ८ | ४ | २ | ५ | ९ | ७ | ६ | १ |
| ७ | १ | ५ | ६ | ८ | ४ | २ | ३ | ९ |
| २ | ६ | ९ | ३ | १ | ७ | ४ | ५ | ८ |
| ८ | २ | ६ | ९ | ४ | १ | ३ | ७ | ५ |
| १ | ९ | ७ | ५ | ३ | २ | ८ | ४ | ६ |
| ५ | ४ | ३ | ८ | ७ | ६ | ९ | १ | २ |


# रोटरी ग्लोबल ग्रान्ट अन्तर्गतको आयोजना सम्पन्न


विद्यालय उद्घाटनको क्षण


उद्घाटित नवनिर्मित चारकोठे विद्यालय चार शौचालयसहित


पुरूष शौचालय



पुरूष युरिनल


विद्यालयको लागि स्वच्छ खानेपानी


महिला शौचालय



डेस्क बेन्चसहित कक्षाकोठा


सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै विद्यालयका बालबालिका



उद्घाटन बोर्ड


हात धुने कक्ष


कार्यक्रममा उपस्थित जनसमुदाय


कार्यक्रममा सम्बोधन गर्दै सुरेन्द्र ढकाल

रोटरी क्लब डिल्लीबजारको संयोजनमा रोटरी इन्टरनेसनल, रोटरी क्लव नर्थ विरल तथा क्लासरुम इन क्लाउड बेलायतको वित्तीय सहयोगमा रोटरी ग्लोवल ग्रान्ट अन्तर्गतको श्री सगरमाथा माध्यामिक विद्यालयको पूर्वाधार विकास आयोजना सम्पन्न भई गत शुक्रबार वैशाख १ गते उद्घाटन तथा आयोजना हस्तान्तरण कार्य सम्पन्न भएको छ । यस आयोजनाअन्तर्गत वालमैत्री शौचालयसहितको श्री सगरमाथा विद्यालयको लागि चारकोठे भवन निर्माण, शुद्ध खानेपानीको स्थायी ब्यवस्था तथा नयाँ भवनको कक्षाकोठाको लागि डेस्क बेन्चसहित दुई शिक्षकको तलवको ब्यवस्था रहेको थियो । स्थानीय जनश्रमदानसमेत गर्दा अन्दाजी रु एक करोड चालिस लाखको लागतमा सम्पन्न उक्त आयोजनाको लागि रोटरी र क्लासरुम इन क्लाउडले गरी एक करोड दस लाख उपलब्ध गराएको थियो । रोटरीबाट गरिएको यस कार्यको संयोजनको लागि रोटरी क्लव डिल्लीबजारले यसका पूर्व अध्यक्ष सुरेन्द्र ढकाल संयोजक तथा निवर्तमान अध्यक्ष खगेन्द्र ढकाल तथा वर्तमान अध्यक्ष इन्द्रशेखर खडका सदस्य रहेको एक समिति निर्माण गरेको थियो भने आयोजना निर्माण सम्पन्न गर्न क्लासरुम इन क्लाउड नेपालका अध्यक्ष दावा ग्याल्जेन शेर्पा, कोषाध्यक्ष गुम्बु शेर्पा, शिक्षा अधिकृत साम्देन शेर्पा, सदस्य टेण्डी शेर्पा र प्राविधिक सल्लाहकार सोनाम शेर्पा तथा फिल्ड म्यानेजर सन्तोष तामाङ संलग्न रहनुभएको एक टोली खडा गरिएको थियो ।

उक्त आयोजनाको प्रारम्भिक डिजाइन गर्ने कार्य इन्जिनियर सुनिल पौडेलले गर्नुभएको थियो । यस आयोजनाको शिलान्यास गत जुलाई ३ २०१७ मा सुरेन्द्र ढकालले गर्नुभएको थियो । उक्त आयोजनाको लागि आवश्यक स्थानीय स्रोत जस्तो ढुंगा र काठ स्थानीय जनश्रमदानबाट परिचालन गरिएको थियो जस्को नेतृत्व तत्कालिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आसमान कुलुंग (विकास) ले गर्नुभएको थियो । गत शुक्रबार वैशाख १ गते भएको आयोजना उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा भाग लिन क्लासरुम इन क्लाउड बेलायतका अध्यक्ष माइक हेगनको नेतृत्वमा ६ सदस्यीय एक टोली पनि बुङ पुगेको थियो भने कार्यक्रमको प्रमुख अतिथिको रुपमा सांसद बलबहादुर कुँवर, विशेष अतिथि सुरेन्द्र ढकाल तथा सोलुखुम्वुका जिल्ला शिक्षा अधिकारी तथा महाकुलुंग गाउँपालिकाका कार्यकारी प्रमुख र कोषाध्यक्ष गुम्वु शेर्पा हेलिकप्टरबाट बिहान आठ बजे नै बुङ उत्रनुभएको थियो । विद्यालय ब्यवस्थापन समितिका अध्यक्षलाई आयोजनाको साँचो हस्तान्तरण गर्ने कार्य संयुक्त रुपमा सुरेन्द्र ढकाल तथा माइक हेगनले गर्नुभएको थियो भने नवनिर्मित शौचालयसहितको चारकोठे भवनको उद्घाटन सांसद बलबहादुर केसीले गर्नुभएको थियो । प्रधानाध्यापक सुरेन्द्र बाँस्तोलाले संचालन गर्नुभएको उद्घाटन तथा विद्यालय हस्तान्तरणको औपचारिक कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका वर्तमान अध्यक्ष सिंहबहादुर राईले प्रमुख अतिथिलगायत सबै विशिष्ट अतिथिहरुलाई कार्यक्रममा स्वागत गर्नुभएको थियो । उक्त अवसरमा क्लासरुम इन क्लाउड नेपालका कोषाध्यक्ष गुम्वु शेर्पाले आयोजनाको सफल कार्यान्वयनमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिंदै उक्त आयोजनाको लागि रु. एक करोड सात लाख भुक्तानी भइसकेको र केही रकम भुक्तानी गर्न बाँकी रहेको बताउँदै स्थानीय जनश्रमदानको लेखाजोखा भएपछि मात्रै आयोजनाको कुल लागत निर्धारण हुने बताउनुभएको थियो ।

बुङका स्थानीय जनताहरुको उत्साहप्रद सहभागिता भएको उक्त भेलालाई सम्वोधन गर्दै विशेष अतिथि तथा रोटरी ग्लोवल ग्रान्ट संयोजक सुरेन्द्र ढकालले आयोजना नौ महिनाकै अवधिमा सम्पन्न भएको र आयोजनाको गुणस्तरीयताको लेखाजोखा गर्ने हो भने यो रोटरी इन्टरनेसनलकै एक नमुना आयोजना बन्न सक्ने बताउँदै आयोजनामा संलग्न स्थानीय सबैलाई धन्यवाद दिनुभएको थियो । विद्यालयको पूर्वाधार अब परिपूर्ण भएको अवस्थामा विद्यालय ब्यवस्थापन समिति तथा शिक्षकहरुले गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्नुपर्ने बताउँदै शिक्षकहरुले शिक्षा पेसालाई जागिरे मनस्थितिबाट हेर्ने तथा राजनीतिक दलको झोला बोकी हिंड्ने प्रवृत्ति तुरुन्त त्याग्ने सल्लाह दिनुभयो अन्यथा पूर्वाधार जतिकै राम्रो भए तापनि निजी विद्यालयको अतिक्रमणबाट त्यस्ता पूर्वाधार भोलि खण्डहरमा परिणत हुन सक्नेतर्फ सबैलाई सचेत गराउनुभएको थियो । उक्त अवसरमा आफ्नो मन्तब्य राख्दै जिल्ला शिक्षा अधिकारीले आयोजनाको गुणस्तरीयताबाट आफू निकै खुसी भएको बताउनुभएको थियो । कार्यक्रममा आफ्नो भनाई राख्दै क्लासरुम इन क्लाउड बेलायतका अध्यक्ष माइक हेगनले भर्खरै खडा गरिएको संरचनाको उचित प्रयोग गरी विद्यालय गुणस्तरीय शिक्षा प्रदान गर्न उत्साही रहे भविष्यमा आफ्नो संस्थाबाट विद्यालयलाई अन्य सुविधाहरु थप्ने प्रतिबद्धता जाहेर गर्नुभएको थियो । प्रमुख अतिथिको आशनबाट आफ्नो विचार राख्दै जिल्लाका सांसद बलबहादुर केसीले आफ्नो जिल्लामा आई विद्यालय पूर्वाधार विकास आयोजना संचालन गर्ने सबैलाई धन्यवाद दिंदै आगामी दिनहरुमा पनि त्यस्तै सहयोग गर्न दातापक्षहरुलाई अनुरोध गर्नुभएको थियो । कार्यक्रममा दाताहरुलाई सम्मान पत्र, स्थानीय अल्लोबाट निर्मित इस्टकोट तथा टोपी मायाको चिनोको रुपमा प्रदान गरिएको थियो । कार्यक्रममा विद्यालयका छात्रछात्राहरुले नाचगान प्रस्तुत गरी वातावरणलाई संगीतमय तथा रमाइलो बनाएका थिए ।

**प्रस्तुति : गोविन्द विक**

## संविधान...

हुनै नदिने अडानमा देखिनु लोकतन्त्रकै लागि शुभसंकेत अवश्य होइन। निर्वाचनमा देशी विदेशी शक्तिहरुले चलखेल बढाइरहेका छन् । मधेसी मोर्चा, संघीय गठबन्धन र बाबुरामको नयाँ शक्ति निर्वाचनका पक्षमा छैनन्। तराईका गोइत, ज्वालासिंह, सिके राउत जस्ता सशस्त्र समूह पनि निर्वाचन बिथोल्न चाहन्छन् ।

अर्कोतर्फ छिमेकी मुलुक भारत यो निर्वाचनको पक्षमा छैन । सर्वविदित छ नेपालको संविधानलाई भारतले अहिलेसम्म स्वागत गरेको छैन। संसदमा सरकारले दर्ता गरेको संविधान संशोधन विधेयकलाई भने भारतले स्वागत गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीको भारत भ्रमणका क्रममा पनि भारतीय गृहमन्त्री राजनाथ सिंहले चुनावबारे चासो प्रकट गरिसकेका छन् । भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पनि सबै पक्षलाई मिलाएर संविधान कार्यान्वयन गर्नुपर्ने भारतीय धारणा सार्वजनिक गरेको छ । विज्ञप्तिमा उल्लेख छ- भारतीय नेतृत्वले समाजका सबै पक्षलाई साथमा लिएर संवादमार्फत संविधान कार्यान्वयन प्रक्रियामा जाने नेपाल सरकारको जारी प्रयासमा समर्थन दोहोर्‍याएको छ ।

भारतले सबै पक्ष भनेर परोक्ष रुपमा मधेस केन्द्रित दलहरुको माग सम्बोधन हुनैपर्ने आफ्नो पूर्व अडान दोहोर्‍याएको छ । राष्ट्रपति भण्डारीले नेपालको संविधानबारे जानकारी गराउँदा समेत भारतीय नेताहरुले कुनै प्रतिक्रिया नजनाउनु उनीहरु नेपालप्रति नकारात्मक धारणा राखिरहेका छन् भन्ने स्पष्ट हुन्छ। मधेस र मधेसीबारे राष्ट्रपतिले केही नबोलेको खाली निर्वाचनको कुरा मात्र गरेको भन्दै भारतीय नेतृत्व राष्ट्रपतिसँग नै असन्तुष्ट देखिएको छ । पूर्वराजदूत केभी राजन लगायतले समेत मोर्चालाई सहमतिमा नल्याए भारतसँगको सम्बन्ध सुमधुर नहुने बताउनुले भारतीय चासो प्रस्ट हुन्छ ।

भारतले नै मधेसी दलहरुलाई वैधानिक मोर्चाबाट संविधानका विरोधमा खडा गरेको छ । अर्कोतर्फ तराईका सशस्त्र समूहलाई पनि पालनपोषण गरिरहेको छ । भारतको अनुदार हिन्दू अतिवादी नेतृत्व नेपाललाई धर्मनिरपेक्ष रहन दिने पक्षमा छैन । तराईसँगै सीमा जोडिएको उत्तरप्रदेशमा योगी आदित्यनाथको अभ्युदयले पनि तराईमा निर्वाध निर्वाचन हुनेमा आशंका गरिँदैछ । आदित्यनाथ हिन्दू राष्ट्र र हिन्दू राजाका पक्षमा छन् । संविधान असफल बनाउने र त्यसपछिको संवैधानिक एवं राजनीतिक भ्याकुममा भारत आफ्नो स्वार्थ पूरा गर्ने दाउमा छ ।

## मेची...

मिटर लम्बाइको हुन सक्ने अनुमान सडक कार्यालय दमकका डिभिजन इन्जिनियर राजेशकुमार यादवले बताएका छन् । यस कार्यालयअन्तर्गतका २६ वटा पुलहरु निर्माणाधीन अवस्थामा रहेको जानकारी प्राप्त भएको छ। यीमध्ये १२ वटा पुलको काम धमाधम भइरहेको र अन्य १४ वटा पुलको ठेक्का माग भएको इन्जिनियर यादव बताउँछन् । झापाको विर्तामोड बजारस्थित साविक अदुवा खोलाको पुल वरपरको दायाँ-बायाँ थप ११-११ मीटर चौडाईका २/२ लेनको पुल निर्माण हुने बताइएको छ ।

दमक-इलाम चियापानी सडकको पहुँच विस्तार भएपछि यस सडकलाई थप विस्तार गरी रविसम्म पुर्‍याउने योजना छ । आ.व. ०७४/७५ को अन्त्यसम्ममा ८० कि.मी. नयाँ सडक पीच गर्ने लक्ष्यका साथ कार्यक्रमलाइ गतिदिँदै डिभिजन सडक दमकले लक्ष्मीपुर-घैलाडुव्वा-राजगढ-घेरावारी सडकलाइ ७ मीटर चौडाइमा कालोपत्रे गर्ने तैयारी गरिरहेको छ । यस आ.व. मा विर्तामोड-भद्रपुर १२ हजार ५ सय ३० मीटर लम्बाईको जीर्ण सडकलाइ मर्मत सम्भार तथा गौरीगंज चौकबाट अल्टावारी वोर्डर सम्म ७ कि.मी. पीच गर्ने तयारी भइरहेको बताइन्छ ।

## पिउनेपानी...

१ लाख, २ लाख २५ हजार लिटर तथा ४ लाख लिटर क्षमताका रहनेछन् । डिपबोरिङ प्रविधिबाट जमिनमुनिको पानी तान्ने यी मेशिनहरुले १ सयदेखि १ सय ५० मिटर जमिनमुनिबाट पानी निकाली अत्याधुनिक प्रविधिबाट पानी प्रशोधन गरी उपभोक्ताको घरघरमा पुर्‍याइनेछ। पानीमा रहेको कार्बन, आइरन, आर्सेनिक, क्याडमियम क्रोमियम, फ्लोराइड, लिड, एमोनिया, क्लोराइड, सल्फेट नाइट्रेट, कप्पर, क्याल्सियम, जिंक, मर्करी जस्ता तत्वहरुलाई प्रशोधन गरी विश्वस्वास्थ्य संगठनको मापदण्डबमोजिम पानी प्रशोधन गरी पानी वितरण गरिरहेको जानकारी पनि इन्जिनियरद्वय दत्त र महतोले दिए ।

अहिले झापा जिल्लामा काँकडभिट्टा, धुलाबारी, बुधबारे, शनिश्चरे, बिर्तामोड, सुरुङ्गा, लखनपुर, तोपगाछी १,२,३ दमक, गौरादह, जुरोपानी, गौरीगन्ज, गौरीशंकर पृथ्वीनगर, चन्द्रगढी, गरामनि, गौरीगन्जमा ओभरहेड टैंकबाट स्वच्छ पानी वितरण भइरहेको छ । पानी प्रशोधनका लागि ब्लिचिङ पाउडर, क्लोरिनेसन, ०.०१ प्रतिलिटर मिसाइ शुद्धीकरण गरिने र त्यस्तो पानी प्रयोग गर्दा उपभोक्ताको स्वास्थ्य रक्षा हुने र सरुवा तथा पानीजन्य रोग नलाग्ने जानकारी पनि इन्जिनियरद्वय दत्त र महतोले दिए ।

## विप्लवले...

न्यायिक निकायको रुपमा न्याय विभागको पनि गठन गरेको छ । समानान्तर सत्ताको अभ्यास गर्न आयआर्जनसँग जोडिएका सम्पूर्ण प्रतिष्ठान तथा व्यक्तिलाई वार्षिक दुई प्रतिशतका दरले कर लगाउने निर्णय जनपरिषद्ले गरेको छ। यसरी उठाइएको कर विकास निर्माणमा खर्च गर्ने भएको छ। त्यसैगरी जनपरिषद्मा व्यावसायिक प्रतिष्ठान, स्कुल, कलेजलगायत दर्ता गर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

यसैबीच नेकपाका विभिन्न प्रादेशिक जनपरिषद्ले आयोजना गरेका आमसभामा प्रहरीले हस्तक्षेप गरेको छ । पुरानो सत्ताको निर्वाचनलाई बहिष्कार गर्ने नीति लिएको नेकपाले आफैं विभिन्न तहका निर्वाचन धमाधम गरिरहेको छ ।

## भ्रष्टाचारीहरुको...

ग्लोबल फाइनान्सियल इन्टिग्रिटीले प्रकाशित गरेको प्रतिवेदनअनुसार सन् २००३ देखि २०१२ सम्ममा नेपालबाट ७ अर्ब ५४ करोड २० लाख अमेरिकी डलर बराबरको अवैध पुँजी विदेश पलायन भएको छ । औसतमा वार्षिक ७५ करोड ४० लाख अमेरिकी डलर अमेरिकी डलर बराबरको नेपाली पुँजी विदेश पलायन भइरहेको छ । स्वीस बैंकमा नेपालीका नाममा रहेको ५अर्ब ३७ करोड रकम पनि अवैध आर्जन गर्नेहरुले नै थुपारेकोमा कुनै दुईमत छैन। २०४६ को जनआन्दोलनमा पम्फादेवी ठकुरीका नाममा अर्बौं रकम स्वीस बैंकमा रहेको र त्यो फिर्ता ल्याएर मुलुकको विकासमा लगाउँछौं भन्दै बहुदले नेताहरुले भाषण गरेका थिए। कालान्तरमा नेताहरु नै सक्कली पम्फादेवी बन्न थाले ।

मुलुकमा अहिले भ्रष्टहरुको माखेसाङ्लो सर्वत्र व्याप्त छ । अर्बौंका विद्युत आयोजनामा १० प्रतिशत भ्रष्टाचार हुँदा पनि करोडौंको रकममा हुन्छ। एउटा सिक्नेचर गरेर करोडौं कुम्ल्याउनेहरुलाई अख्तियारले छुनसम्म सक्दैन भने तल्लो स्तरका झोले पोके भ्रष्टाचारीहरुलाई तर्साएर प्रचारात्मक अभियानमा लागेको पाइन्छ । कतिपय भ्रष्ट कर्मचारीहरुले कालो धनलाई सेतो बनाउने माध्यम आफ्ना विदेशमा रहेका छोराछोरीलाई पनि बनाउने गरेका छन् ।

विदेशमा हुने छोराछोरीलाई हुन्डीदेखि रकम पठाएर उताबाट बैंकमार्फत मगाई छोराछोरीको विदेशको कमाइ भनेर प्रचार गर्ने, कम्मल ओढेर घिउ खाने भ्रष्टहरु पनि कर्मचारीतन्त्रमा प्रशस्तै छन् । त्यसैगरी कतिपयले छोराछोरीका नाममा अष्ट्रेलिया, अमेरिका, क्यानडा, बेलायत जस्ता विकसित मुलुकमा घरघडेरी पनि जोडेका छन् ।

भ्रष्टाचार नियन्त्रण गरी विदेशमा जाने कालोधन साँच्चीकै रोक्ने हो भने त्यसको लागि एउटा साँच्चीकै महा अभियान नै सञ्चालन गर्नुपर्छ । २०४६ पछि प्रशासन र राजनीतिको उच्च ओहोदामा बसी राज्यको ढिकुटीबाट तलबभत्ता खानेहरु सबैको सम्पत्ति छानबिन गरी स्रोत पहिचान गर्न आवश्यक छ ।

अख्तियारभित्र समेत भ्रष्ट कर्मचारीहरुको जगजगी चल्ने गरेको मुलुकमा भ्रष्टाचारविरुद्ध साँच्चीकै मेजर अप्रेसन गर्नुपर्ने देखिन्छ । अन्यथा स्वीस बैंकमा जस्तै विश्वका विभिन्न बैंकहरुमा नेपालीका नाममा भेटिने स्रोत नखुलेको सम्पत्तिको बाढी नै आउनेछ र नेपाल र नेपाली जनता झन् झन् कंगाल बन्दै जानेछन् ।

## सामुदायिक...

नागरिकले ग्रेटर नेपाललाई बताए ।

ठूलठूला गोलियालाई घाटगद्दी गरी दाउरा बनाई चट्टा लगाएर बिक्री गरी कपनको मिलनचोकमा भव्य बहुतले भवन निर्माण गरेका भट्टराई अहिले अर्को कार्यकालका लागि समितिको चुनाव लड्ने तयारीमा रहेको र त्यसको तयारी स्वरुप स्थानीय व्यापारी राजु खड्का, रत्नबहादुर भण्डारी र गणेश भण्डारीलाई प्रतिबट्टा २५ हजारका दरले अतिरिक्त लाभ लिई बेचेपछि अध्यक्ष भट्टराईविरुद्ध स्थानीयहरु उभिएका छन् ।


## VACANCY ANNOUNCEMENT

We are looking for an enthusiastic, dynamic and hardworking personality for the following position:

| Recruitment | Candidate Needed | | Educational Qualification | Job experience | Requirements |
|---|---|---|---|---|---|
| | Male | Female | | | |
| Sales | 2 | | College degree or higher | 1 year or above | 1. Good verbal and written communication in English<br>2. Preference will be given to the candidate who has the ability to speak and understand Korean language but not mandatory<br>3. Smart, neat appearance |
| Designer, CAD | | 1 | College degree or higher | Graduated / 3 years experience | |
| Affairs | | 2 | High school graduate or above | 1 year or above | |
| Sales | 2 | | High school graduate or above | Sales related 1 year or more Experience | |
| Construction | 1 | | High school graduate or above | More than 3 years of experience in prefabricated housing construction | |
| Guard | 2 | | High school graduate or above | 1 year or above | |

Company Name: S.Y. Panel Pvt. Ltd.
Job Location: Kathmandu
Application period: 20 APR 2017 ~ 24 APR 2017
Interested candidates are requested to send their resume clarifying their work experience to sypanelnepal34@gmail.com

NOTE: Only short-listed candidates will be contacted for selection process.


## मोर्चा...

प्रहार गर्न थालेपछि प्रहरीले हस्तक्षेप गर्न र अश्रुग्यास प्रहार गर्न बाध्य भएको थियो । पूर्वसभासद रम्भा देवी, रामेश्वर यादव र अरुण सिंहलाई प्रहरीले नियन्त्रणमा लिएको छ। पक्राउ गरिएका तीन नेताहरु तमलोपा सम्बद्ध हुन् ।

## अभागी...

रहेको विवादित क्षेत्रमध्ये दुईतिहाई हिन्दू र बाँकी भाग मुसलमानको हुने फैसला गरेपछि सो मुद्दा सर्वोच्चमा पुगेको थियो । केन्द्रीय मन्त्री उमा भारती, उत्तर प्रदेशका पूर्व मुख्यमन्त्री कल्याणसिंह, गोरखनाथ मन्दिरका पूर्व महन्त अवैद्यनाथ (निधन भइसकेको) विश्व हिन्दु परिषद्का अशोक सिंघल, शिवसेनाका संस्थापक बालठाकरे (मृत्यु भइसकेको), विश्व हिन्दू परिषद्का पूर्वनेता गरिराज किशोर लगायत दर्जनौं नेताको नाम आपराधिक षड्यन्त्रमा संलग्नहरुको सूचीमा छ । प्रम बन्ने आडवाणीको सपना त पूरा भएन नै राष्ट्रपति बन्ने अवसर आउँदा समेत सर्वोच्च अदालतले आपराधिक मुद्दा चलाउन आदेश दियो ।


## हार्दिक धन्यवाद

यस ग्रेटर नेपाल साप्ताहिकको २०७३ साल माघ, फगुन,र चैत महिनाभित्र वार्षिक ग्राहक बनी, विज्ञापन उपलब्ध गराइ तथा अन्य सहयोग गरी राष्ट्रवाद संरक्षणको अभियानमा योगदान गर्ने निम्नानुसारका व्यक्ति तथा संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं :

१) एसओएस म्यान पावर २) नेपाल सरकार सूचना विभाग ३) उपज ढकाल ३) उपेन्द्रप्रसाद डकाल ४) जीतकुमार राई ५) शुभरत्न वचत तथा ऋण सहकारी ६) गंगाजल वचत तथा ऋण सहकारी ७) जीवन द्विप वचत तथा ऋण सहकारी ८) युनिभर्सल क्याफे ९) नेपाल गलैंचा निकाशीकर्त्ता संघ १०) जयन्द्र प्रसाद चुडाल ११) मधुसुदन विष्ट

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np


## नेताको मुहार चिल्लो हुँदैमा देश र जनताको मुहार चिल्लो हुँदैन, देशको मुहार चिल्लो हुँदामात्र जनताको मुहार फेरिन्छ

- नेपाललाई संसारको दशमध्ये एक कंगाल र अति कम विकसित राष्ट्र बनाउने को हो ?
- नेपाललाई संसारको दशमध्ये एक भ्रष्ट राष्ट्र बनाउने को हो ?
- नेपाललाई भारतको एकल बजार बनाई संसारको सबैभन्दा ठूलो व्यापारघाटा भएको मुलुक बनाउने को हो ?
- देशका उद्योगहरुलाई कौडीको मूल्यमा बेची नेपाली युवायुवतीहरुलाई बेरोजगार बनाई विदेशमा फोहोरी, कठिन र खतरनाक काम गर्न जान बाध्य पार्ने को हो ?
- राजधानी काठमाडौंलगायत नेपालका सहरहरुलाई विश्वकै प्रदुषित र अनियोजित सहर बनाउने को हो ?
- हरेक नौ महिनामा बन्ने नयाँ मन्त्रिमण्डलको कारण बन्ने भूतपूर्वहरुको भीडको विलासिता र सुरक्षाका लागि राष्ट्रको ढुकुटी रित्याउने को हो ?
- भारतले टिस्टा-काँगडाको भूमिलाई उपनिवेश बनाउँदा, वर्तमान नेपालको सीमा मिच्दा, दशगजाको सीमा क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरीत एकतर्फी रुपमा बाँध र सडक निर्माण गरी नेपाली भूमि जलमग्न बनाउँदा अनि भारतीय सुरक्षा बल दिनदहाडै नेपाल पसी निर्दोष नेपालीको हत्या गर्दासमेत कानमा तेल हालेर बस्ने को हो ?
- जनताका छोराछोरी भने जीवनजल खान नपाएर मर्ने तर नेताहरुलाई करौडौं खर्च गरी विदेशमा औषधोपचार गर्न पठाउने को हो ?
- शिक्षालाई राजनीतिकरण गरी ८० प्रतिशतभन्दा बढी जनताका छोराछोरी पढ्ने सामुदायिक विद्यालयहरुको अधोगति गर्ने को हो ?

**यी भनेका हालसम्मका नेपाललाई शासन गर्ने भ्रष्ट, राष्ट्रघाती र असक्षम राजनीतिक नेता र तिनीहरूका टहलुवा प्रशासकहरू नै हुन् । तसर्थ यिनीहरूलाई वडादेखि केन्द्रसम्मै बढारी राजनीतिलाई उत्कृष्ट समाजसेवाको रूपमा स्थापित गर्न देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका उम्मेदवारहरूलाई स्थानीय निकायको वैशाख ३१ गते हुने निर्वाचनमा आमरूपमा विजयी गराऔं ।**

- हामी सामुदायिक विद्यालयलाई विकृत राजनीतिबाट मुक्त गरी, प्रवर्द्धन गर्दै गरिब जनताको छोराछोरीको लागि स्थानीयस्तरमा नै गुणस्तरीय तथा वालमैत्री शिक्षाको ग्यारेन्टी गर्छौं ।
- हामी स्वरोजगार शिक्षाको माध्यमबाट महिलाहरूमा भएको निरक्षरता, बेरोजगारी र गरिबीको अन्त्य गर्छौं ।
- हामी राज्य, बैंक र निजी क्षेत्रहरूलाई कृषि, वागवानी र पशुपालन जस्तो प्राथमिक क्षेत्रमा लगानी गर्न बाध्य पारी स्थानीय स्तरमा नै रोजगार सिर्जना गरी नेपाली युवायुवतीलाई विदेशिनबाट रोक्छौं र ग्रामीण तथा स्थानीयस्तरमा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्छौं ।
- हामी जनतालाई स्थानीयस्तरमा आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी तथा फोहोर ब्यवस्थापनको ग्यारेन्टी गर्छौं ।
- अनाथ बालबालिका तथा असहाय वृद्धवृद्धाहरूको लागि स्थानीयस्तरमा आश्रम संचालन गरी लोककल्याणकारी समाजको सिर्जना गर्छौं ।
- हामी साना तथा लघुजलविद्युतको स्थानीयस्तरमा नै विकास गरी ग्रामीण क्षेत्रमा ब्यापक लघुऔद्योगिकरण तथा वातावरणमैत्री यातायातका सुविधाहरू प्रदान गर्छौं ।
- हामी स्थानीयस्तरदेखि नै हरियाली प्रवर्द्धन गरी पर्यावरणमैत्री र प्रदूषणमुक्त वातावरण बनाउनेछौं ।

हामी को हौं भन्ने जान्न चाहनुहुन्छ भने **www.youtube.com Surendra Dhakal Social Activist** भन्ने डकुमेन्टरी आफू पनि हेर्नुहोस् अनि अरुलाई पनि हेर्न प्रोत्साहन गर्नुहोस् ।



**सुरेन्द्र ढकाल**

विशेषज्ञताको डक्टरेट सरकारी संगठन र ब्यवस्थापन (इटली)
स्नातकोत्तर, प्रशासनिक विज्ञान (जर्मनी)
अध्यक्ष देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा
समाजसेवी, ग्रेटर नेपालका अभियन्ता, पर्यावरणवादी तथा साइकल यात्री